महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

## पौवादुङ्मा गाउँपालिका, भोजपुर

## ८०१०७५०४३००

## भोजपुर

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८२/८३ | मिति : २०८२-७-९

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
पौवादुङमा गाउँपालिका, भोजपुर ,
भोजपुर

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।५।१४ मा छलफल पश्चात् तयार गरिएको पाना ५५(पचपन्न) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरण प्रतिको उत्तरदायित्व प्रचलित कानुनबमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित बेहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ (१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम लेखा उत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

सुनिल बस्नेत
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , सिँहदरबार, काठमाडौं । प्रतिवेदन संलग्न छ ।,
account.section@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, भोजपुर ,प्रतिवेदन संलग्न छ ।,
bhojpur.dtco@fcgo.gov.np

# परिचय

१

**(क) कार्यालय परिचय :-**स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ११८.८ वर्ग किलोमिटर तथा १२,१०७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।११ देखि २०८२।०५।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको रु.९३,४५,५९,८७४.६८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.८८,६४९। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| बैंकको नाम | भौचर नं. | दाखिला मिति | रकम | वापत |
|---|---|---|---|---|
| राष्ट्रिय वाणिज्य बैक | ८६७८५२६९ | २०८२।५।२१ | १,६०० | महादेवी आ वि को बढी छात्रावृत्ति निकाशा |
| राष्ट्रिय वाणिज्य बैक | ८६७८९२६५ | २०८२।५।३१ | ५,३६७ | सप्तकोशी कन्ट्रकसनको पि. एस Item को मु अ कर |
| राष्ट्रिय वाणिज्य बैक | ८६७८२९४९ | २०८२।५।३१ | ३४,६०४ | पारिश्रमिक कर |
| राष्ट्रिय वाणिज्य बैक | ८६८५२५०६ | २०८२।०६।०२ | ४७,०७८ | दिवा खाजा,पाठ्यपुस्तक बढी निकासा |
| | | जम्मा | ८८,६४९ | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने, दफा ७६(२) मा महालेखा परीक्षकवाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षीक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **सुरु मौज्दात** | | **३२४६४८००** | **चालु खर्च** | | **२५४६८४०६५** |
| क) संचित कोष | १६२५७७०८ | | १. पालिका तर्फ | ९५१०२९८४ | |
| ख) धरौटी खाता | ६९११५६१ | | २. संघीय सशर्त | १५७३९१७४८ | |
| ग) कार्य सञ्चालन कोष | ९२९५५३१ | | 3. प्रदेश सशर्त | २१८९३३३ | |
| विविध खर्च खाता २१,९९,१६९.९६) | | | **पुँजीगत खर्च** | | **७७५२८५१४** |
| विविध कोष खाता (५७,३९,९४४.००) | | | १. पालिका तर्फ | ५६६७४३६५ | |
| प्रकोप व्यवस्थापन कोष (१३,५६,४१७.००) | | | २. संघीय सशर्त | २१४४२८३ | |
| **यस वर्षको आय** | | | ३. संघीय विशेष | २९२११३७ | |
| **१.आन्तरिक आय** | | **७५५३८१४** | ५. प्रदेश सशर्त | ६०३८७२९ | |
| क) आन्तरिक राजस्व | ७३६२५११ | | ७. प्रदेश समपुरक | ९७५०००० | |
| ग)विभाज्य कोष | १९१३०३ | | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **९४००७२०१** |
| | | | क सामाजिक सुरक्षा तथा संरक्षण | ६६२५४५१४ | |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | **३२१२६१३३३** | ख) पर्यटन पुर्वाधार विकास आयोजना | १३०००००० | |
| क) समानीकरण अनुदान | ७३४०८००० | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३७००००० | |
| ख) राजस्व बाँडफाँट | ६७७४७८५३ | | घ) विद्यालय शिक्षा क्षेत्र योजना-(केन्द्र स्तर) | २२८००० | |
| ग) सशर्त अनुदान | १७६६०५४७९ | | ङ) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १०८२४६८७ | |
| घ) समपुरक अनुदान | ० | | घ) रोजगार प्रबर्धन कार्यक्रम | | |
| ङ) विशेष अनुदान | ३५००००० | | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | ० |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | **२९७४०३०६** | **धरौटी फिर्ता तथा सदर स्याहा** | ४६९३८२४ | **४६९३८२४** |
| क) समानीकरण अनुदान | ४५९१००० | | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | | **१४१८८५४३** |
| ख) राजस्व बाँडफाँट | २७१८३०६ | | क) प्रकोप व्यावस्थापन कोष | २१५४४३ | |
| ग) सशर्त अनुदान | १२६८१००० | | ख) विविध खर्च खाता | १३९७३१०० | |
| घ) समपुरक अनुदान | ९७५०००० | | **विभाज्यकोषबाट प्रदेशमा दाखिला** | ७६५४१ | ७६५४१ |
| ङ) विशेष अनुदान | ० | | **अनुदान फिर्ता** | | |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | **९४००७२०१** | **१. संघ तर्फ** | | **१७६४८३१२** |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| क सामाजिक सुरक्षा तथा संरक्षण | ६६२५४५१४ | | क) सशर्त अनुदान | १७०६९४४९ | |
| ख) पर्यटन पुर्वाधार विकास आयोजना | १३०००००० | | ख) विशेष अनुदान | ५७८८६३ | |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३७०००००० | | ग) समपुरक अनुदान | ० | |
| घ) विद्यालय शिक्षा क्षेत्र योजना-(केन्द्र स्तर) | २२८००० | | **२. प्रदेश तर्फ** | | **४४५२९३८** |
| ङ) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १०८२४६८७ | | क) सशर्त अनुदान | ४४५२९३८ | |
| घ) रोजगार प्रबर्धन कार्यक्रम | | | ख) विशेष अनुदान | ० | |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | ० | ग) समपुरक अनुदान | ० | |
| **६. ऋण/ वित्तीय व्यवस्था** | | ० | **अन्तिम मौज्दात** | | **४२९७८२९४** |
| **७. धरौटी आय** | २४११९५५ | **२४११९५५** | क) सञ्चित कोष खाता | २०४२२८२१ | |
| **८. कार्यसञ्चालन कोष आय** | | **२२८१८८२३** | ख) धरौटी खाता | ४६२९६९२ | |
| क) विविध खर्च खाता | २०८१८८२३ | | ग) प्रकोप व्यावस्थापन कोष | ११४०९७४ | |
| ख) प्रकोप व्यवस्थापन कोष | ० | | घ) विविध खर्च खाता | ९०४४८६३ | |
| ग) विविधकोष खाता | २०००००० | | ङ) विविध कोष खाता | ७७३९९४४ | |
| **जम्मा** | **५१०२५८२३१** | **५१०२५८२३१** | **जम्मा** | **५१०२५८२३१** | **५१०२५८२३१** |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकालाई अन्तर सरकारी अख्तियारी मार्फत निकासा भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६,६३,११,४००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,२६,०६,०००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.३७,००,००० र विद्यालय शिक्षा सुधार कार्यक्रम रु.४,३४,००० समेत गरी रु.९,६०,५१,४०० सुत्रमा लेखाङ्कन नभई खर्च भएको रकम लेखापरीक्षण अंकमा समावेश गरिएको छ ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा त्यस्तो प्रणाली तयार गरी कार्यन्वयन भएको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा तपशिल बमोजिम रहेका छन् :

**वजेट व्यवस्थापनतर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

• पालिकाले कार्यक्रम संञ्चालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गर्नु पर्नेमा सो नगरि सघं र प्रदेश अनुसार गर्ने गरेको र सोको समेत पुर्ण पालना नगरेको ।
• पालिकाबाट यस वर्ष संञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गर्नु पर्नेमा तयार गरेको छैन ।

### खरिद व्यवस्थापन तर्फ

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको दिगोपना र संरक्षणका लागि उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेमा सो नगरेको,
• पालिकाले निर्माण व्यवसायी मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आशिक गुणस्तर परीक्षण गरेकोता पनि उपभोक्ता समिति बाट गरेको कामको गुणस्तर परीक्षण नगरेको,
• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पुर्ण रुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फारम प्रत्येक योजनामा कस्ता कैफियत देखिए र सोको सुधारका लागि के कस्ता प्रयास भए पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,
• उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन सके नसकेको मुल्यांकंन नगरेको,
• पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक नगरेको,

### भ्रमण खर्च व्यवस्थापनतर्फ

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको,
• भ्रमण अभिलेख खाता अद्यावधिक नरहेकाले के कति कार्यक्रम र भ्रमणमा भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था नभएको,

### शिक्षातर्फ

• कार्यक्रम कार्यान्वयन कार्यविधि मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन नभएको,
• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नगरेको,

### स्वास्थ्यतर्फ

•स्वास्थ्य तर्फका कर्मचारीहरुको सरुवा, बढुवा अवकास सम्बन्धि विवरण अद्यावद्यिक राख्नुपर्नेमा नराखेको,
•स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्या स्वास्थ्य व्यवस्थापन प्रणालीमा अद्यावद्यिक राख्नुपर्नेमा सो अनुसार सम्पुर्ण विवरण अद्यावद्यिक नराखेको,

### विविध तर्फ

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न नगरेको,
• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मको प्रयोग पुर्णरुपमा नगरेको,
• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध

गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण कारोबार समाविष्ट नभै एकिकृत आर्थिक विवरणमा म्यानुअली बजेट र खर्चको एकमुष्ट विवरण मात्र प्रविष्ट गर्न सक्ने व्यवस्था भएबाट शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले सारांश दिएतापनि हरेक क्रियाकलाप सहितको विस्तृत विवरण सहितको अवस्था चित्रण हुन नसकेको,

• वडा कार्यालय र पालिका केन्द्रले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामाग्री वितरण गरेको,

• एकीकृत आर्थिक तथा वर्गीकरण र ब्याख्या, २०७४ (दोस्रो संस्करण) बमोजिम शीर्षकगत खर्च भन्दा फरक शिर्षकबाट खर्च गरेको,

• PAMS V1 बाट PAMS V2 मा सम्पूर्ण जिन्सी सामाग्री अल्या गरी आम्दानी बाध्नुपर्नेमा आंशिक रुपमा बाधेको ,

**सामाजिक सुरक्षातर्फ –**

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैक तथा वित्तिय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरु मध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने , बैंकबाट निष्कृय खाताको विबरण प्राप्त गरी सो खातामा बाँकी रहेको रकम संघिय संचित खातामा दाखिला गर्नुपर्नेमा सोको विवरण अद्यावधिक नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ दो दफा १२ अनुसार कुनै लाभग्राहीको मृत्य भएमा, बसाइ सरी गएमा वा अन्य कुनै कारणले लगत कट्टा गर्नु परेमा लगत कट्ट गरीएको बेहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडा सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नु पर्ने व्यवस्था भएकोमा सो नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने, चौमासिक वा बार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था उल्लेख भएकोमा सो नगरेको,

उल्लिखित बेहोराका साथै पालिकामा वडास्तरमा छुट्टाछुटै सम्झौता गरी अन्तिम भुक्तानीका लागि पालिकामा बिल भरपाई पेश हुने गरेको, खर्च गर्नुपुर्व अख्तियारप्राप्त अधिकारीबाट प्राप्त आदेश वा निर्णय समावेश बेगर एकैपटक भुक्तानी दावी पेश हुने गरेको, उपभोक्ता समिति वा गैर सरकारी संस्थाहरुले कार्य गर्दा प्राप्त प्रस्तावको आधारमा लागत सहभागिता जुटने गरी कार्यक्रम सञ्चालन नगरेको, मसलन्द तथा फुटकर खर्च भुक्तानीका लागि प्राप्त बिल भरपाईमा फोटोकपी बिल, नाम र खरिदकर्ता मिति नखुलेका बिल समावेश हुने गरेको, भुक्तानी प्राप्त गर्नेको तेरिज बन्ने नगरेको तथा सम्बन्धित व्यवसायीको खातामा भुक्तानी नदिई जनप्रतिनिधी, कर्मचारी, व्यक्ति र त्यस्ता संस्थाका पदाधिकारीलाई भुक्तानी दिने लगायतका कार्यमा सुधार गर्न आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी प्रभावकारी कार्यान्वयन मार्फत पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु.३६ करोड ९२ लाख ४१ हजार लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको समयमै अख्तियारी प्रदान गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ७ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **मध्यकालिन संरचना र रकमान्तर** –

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन-

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८१ को दफा २ अनुसार यस वर्ष थपघट समेत पालिकाको निर्णयबाट रु ३ करोड २२ लाख १३ हजार रकमान्तर गरेको छ। रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लिखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वियनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **नीति तथा कार्यक्रम कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा ४ प्रकारका बजेट तथा कर्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथामिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको केही नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथामिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । नीति तथा कार्यक्रममा उल्लेख भएका ब्यहोराहरु कार्यान्वियन नभएका केही उदाहरणहरु देहाय अनुसार रहेका छन् –

•शिक्षक दरबन्दी मिलानको कार्यलाई व्यवस्थित गर्ने,

•गाउँपालिका क्षेत्रभन्दा बाहिर दर्ता भई यस गाउँपालिकाभित्र सञ्चालनमा रहेका सहकारी तथा वित्तीय संस्थाहरुलाई दायरामा ल्याईने र दायरामा नआएका र गाउँपालिकाको सहकारी नीतिभन्दा फरक रुपमा कारोबार सञ्चालन गरिरहेका सहकारी तथा वित्तीय संस्थाहरुलाई कारोबारमा रोक लगाउने,

•सहकारी संस्थाहरुको नियमन तथा व्यवस्थापन गर्दै करको दायरामा ल्याउने,

•पुष्पलाल मध्य पहाडी राजमार्ग अन्तर्गत तिवारीभञ्ज्याङको हङ्ङ्ग्रायो खोला प्रवेशद्वार हातामा गाउँपालिकाको पूरानो संस्कृति झल्कने गरि र गाउँपालिकालाई प्रत्यक्ष आम्दानी पनि हुँने गरिहाङ्ग्रायो रिफ्रेसमेन्ट सेन्टर निर्माण गर्ने,

•फोहोर मैला डम्पीङ साईटको सम्भाव्यता अध्ययन गर्ने,

•कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गर्दै उपलब्धिहरूको समीक्षा गर्ने,

गाउँसभामा प्रस्तुत नीति तथा कार्याक्रममा उल्लेखित बेहोराहरुको कार्यान्वयनको लागि आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **गत विगतको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकीको म.ले.प.फा.२२१ प्रमाणित गरी दायित्व बजेटमा समावेश गरी देहायको भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| गो.भौ.नं.।मिति | कार्यक्रमको नाम | भुक्तानी रकम रु. |
|---|---|---|
| ३।२०८१-०६-१४ | अघिल्लो आर्थिक बर्षको सोलार खरिद | ५,७६,९१८ |

सैद्धान्तिक बेरुजु

१० **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.सं.** | **क्षेत्र/उपक्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च (%)** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,३२,१४,००० | १,७०,५४,५६६ | ५.१३ |
| २ | सामाजिक विकास | २०,३५,००,००० | १७,९२,९७,७५६.६ | ५३.९७ |
| ३ | पूर्वाधार विकास | ६,२१,१६,००० | ५,५७,५४,६७३ | १६.७८ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १,९२,७९,४४१ | १,३७,४०,८६४ | ४.१४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,२१,०५,६५९.७ | ६,६३,६४,७१९.२१ | १९.९८ |
| **कुल जम्मा** | | **३९,०२,१५,१००.७१** | **३३,२२,१२,५७८.६५** | **१००.** |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ५.१३ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ५३.९७ प्रतिशत, पूर्वाधारतर्फ १६.७८ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ४.१४ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ १९.९८ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ५.१३ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिबी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने एवम् कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेकोले प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ । साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिवृद्धि गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा PAMS मा प्रविष्ट गरी सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार नगरेको, गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सम्पूर्ण सामाग्रीको Public Asset

Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा आंशिक रुपमा गरेको, गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक नगरेकोले पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **कानून निर्माण र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ७१ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ३ वटा नियमावली, २९ कार्यविधि लगायत ५७ वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

१३ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ भएको र यो वर्ष थप भएको ४ गरी कुल ६ विवाद दर्ता भएकोमा २ वटा मात्र फर्स्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **आर्थिक सहायताः**

पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न ८ व्यक्तिहरुलाई रु.१,५८,२२८।०० आर्थिक सहायता वितरण गरेकोमा आर्थिक सहायताप्राप्त गर्ने व्यक्तिहरुको नामनामेसी Web-Site मा सार्वजनिकरण भएको नदेखिएकोले सार्वजनिकरण गर्नुपर्दछ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.७३,६२,५१०.७४ को २.१४ प्रतिशत हुन आउँछ ।आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **अनुदान फिर्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धीत आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र फिर्ता गर्नु पर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८२ असाढ मसान्तमा अनुदान खर्च नभई बाँकी रकम संघीय सरकारतर्फको रु. १,७६,४८,३११.६६ र प्रदेश सरकारतर्फको रु.४४,५२,९३८ आर्थिक बर्षको अन्त्यमा फिर्ता गरेको छ ।

सैद्धान्तिक बेरुजु

१६ **वार्षिक खरिद योजना/गुरुयोजनाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.७ करोड ७५ लाख २८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य

गरेकोमा वार्षिक खरिद योजना बनाई खरिद कार्य गरेको छैन । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

**(रु.हजार मा)**

| बजेटशिर्षकउपशिर्षक | कुलखर्च | त्रैमासिकखर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथमत्रैमासिक | दोस्रोत्रैमासिक | तेस्रोत्रैमासिक | चौथोत्रैमासिक | आषाढमहिना |
| **जम्माखर्च** | ७७५२८ | ४१९२ | १४३८५ | २०८६० | ३८०९१ | २२१४१ |
| **खर्चप्रतिशत** | १०० | ५.४ | १८.५५ | २६.९१ | ४९.१ | २८.६ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.७ करोड ७५ लाख २८ हजार पूँजिगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.४१ लाख ९२ हजार (५.४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ४३ लाख ८५ हजार (१८.५५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२ करोड ८ लाख ६० हजार (२६.९१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.३ करोड ८० लाख ९१ हजार (४९.१० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२ करोड २१ लाख ४१ हजार (२८.६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका ९८ वटा योजनामा कुल रु.७ करोड ७५ लाख २८ हजार बजेट विनियोजन गरी खर्च गरेको छ ।

| कुल पूँजिगत खर्च रकम | जम्मा योजना संख्या | रु.२० लाख माथिका | रु.५ लाख देखि २० लाख सम्मको | रु.५ लाख मुनिका |
|---|---|---|---|---|
| ७७५२८ | ९८ | ७ | २५ | ६६ |

उल्लिखित विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट अपेक्षित प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित ११४ योजना मध्ये ९८ योजनामात्र कार्यान्वियन भई १६ योजना कार्यान्वियन हुन सकेको देखिएन । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.७३,६२,५१०.७४ राजस्व बाँडफाँड र अनुदानबाट रु.३१,७७,६१,३३२.६६ समेत रु.३२,१२,६१,३३२.६६ आम्दानी भएकोमा चालु तर्फ रु.२५,४६,८४,०६४.८५ र पूँजिगत तर्फ रु.७,७५,२८,५१३.८ समेत रु.३३,२२,१२,५७८.६५ खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा २.२१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६५,२०,१४३।¬- खर्च भएको छ जुन आन्तरिक आयको ८८.५५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७.२३ प्रतिशत चालु र १७.४२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६६,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.७३,६२,५१०।७४ अर्थात अनुमान भन्दा ११.५५ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२१ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२,१२,६१,३३२.६६ | ७३,६२,५१०.७४ | २.२९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२२ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,६६,७१०।¬- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा

अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ७८ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका देहायका सार्वजनिक सम्पत्तिको प्राप्ति,उपयोग तथा संरक्षणको विवरण अद्यावधिक गर्नुपर्दछ ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य |
|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न | १९ | मूल्य नखुल्ने |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न | ३१ | १,०८,१४,८९५ |
| उपकरण (रु.१ लाखभन्दा बढी) | विभिन्न | २२० | नखुल्ने |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | विभिन्न | नखुल्ने | नखुल्ने |

सैद्धान्तिक बेरुजु

२५ **सवारी साधन खरिदः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । पालिकाले यो बर्ष दुई पांग्रे र चार पांग्रे सवारी साधन खरिदमा रु.३०,४४,००० खर्च गरेको छ । सवारी साधन खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं | सवारी साधन | संख्या | रकम | खरिदको स्रोत |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | १ | ३,९४,००० | समानीकरण अनुदान |
| २ | कृषि एम्बुलेन्स | १ | २६,५०,००० | आन्तरिक श्रोत |
| | जम्मा | | ३०,४४,००० | |

सैद्धान्तिक बेरुजु

२६ **सेवाप्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ । यस वर्ष पालिकाबाट निम्नानुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ३०८ |
| मृत्युदर्ता | १७३ |
| बसाईसराई दर्ता | ३३३ |
| विवाह दर्ता | ११९ |
| सम्बन्धविच्छेद दर्ता | २२ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण (कि.मी) | १ |
| कालोपत्रे सडक मर्मत(कि.मी) | उल्लेख नभएको |
| ग्राभेल सडक निर्माण(कि.मी) | उल्लेख नभएको |
| ग्राभेल सडक मर्मत(कि.मी) | उल्लेख नभएको |

सैद्धान्तिक बेरुजु

२७ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | १ | ५ |

सैद्धान्तिक बेरुजु

२८ **आन्तरिक आम्दानीतर्फ**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले यो बर्ष रु.७३ लाख ६२ हजार ५१० राजस्व संकलन गरेकोमा पालिका केन्द्र र सवै वडामा Sutra Revenue Model मार्फत राजस्व संकलन भएको तर एम्बुलेन्स,कृषि एम्बुलेन्स, स्वास्थ्य चौकीबाट नगदी रसिद मार्फत राजस्व संकलन भएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् -

२८.१ **यन्त्र उपकरण परिचालन** -यस पालिकामा एम्बुलेन्स,कृषि एम्बुलेन्स सञ्चालनमा रहेकोमा उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति आश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| क्र.सं. | उपकोरणको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | जम्मा खर्च | जम्मा आय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | एम्बुलेन्स | ५४००४९ | ३५४५०० | ३४१२७१ | १२३५८२० | ९,२५,५०० | गर्भवती, जेष्ठ नागरिक, अपाङ्गता भएको व्यक्तिलाई निःशूल्क सेवा उपलब्ध गराए वापत रु.७,२२,००० को आम्दानी उल्लेख नगरेको । |
| २. | कृषि एम्बुलेन्स | ३८४०६५ | ४२७८० | ४४८९६ | ४७१७४१ | ३,०९,७७० | |

| सैद्धान्तिक बेरुजु |
|---|

२८.२ **कृषि एम्बुलेन्सको आम्दानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। कृषि आम्दानी संकलनको लागि प्रयोग भएको नगदी रसिद अनुसार रु.३,०९,७७० आम्दानी उठेकोमा Sutra Revenue Model मार्फत रसिद जारी नगरी सोझै बैंक दाखिला गरेको विवरण अनुसार रु.२,५४,१७० मात्र आम्दानी देखिएकोले घटि राजस्व दाखिला रु.५५,६०० सम्बन्धमा कृषि एम्बुलेन्स चालकबाट यकिन गरी असुल गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५५,६०० |
|---|---|

२८.३ **आधारभुत अस्पतालको आम्दानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। आधारभुत अस्पतालमा प्रयोग गरिएको रसिद नं. ८०१ देखि ८५०, ८५१ देखि ९००,६५१ देखि ७०० सम्मका नगदि रसिद मार्फत रु.१६,९०० संकलन भएकोमा सो नगदि रसिद नियन्त्रण खातामा प्रविष्टि भएको देखिएन । यसरी रसिद नियन्त्रण खातामा प्रबिष्टि नगरी प्रयोग हुंदा छुट्टै छपाई हुने र दुरुपयोग हुने सम्भावना हुन्छ । Sutra Revenue Model लागु भई सकेको अवस्थामा नगदी रसिद मार्फत राजस्व संकलन गर्नु मनासिब देखिएन ।स्वास्थ्य चौकीमा Sutra को Revenue Module अनिवार्य रुपमा लागु गरी राजस्व संकलन र दाखिलालाई पारदर्शी, व्यवस्थीत र गणनायोग्य बनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२९ **अनुत्पादक खर्चः**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । पालिकाले वडा भित्र विभिन्न स्थानमा देहायका कार्य वापत रकम खर्च गरेको छ । यस्तो खर्चमा मितव्यीता कायम गर्नुपर्दछ ।

| गो.भौ.नं. र मिति | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १३२।२०८२।३।२० | मानेडाडा मा वि सरस्वती मन्दिर निर्माण उ स | मन्दिर निर्माण | १५०००० |
| १२७।२०८२।३।१३ | सहिद स्मृति प्रतिष्ठान नेपाल | सहिद स्मृति प्रतिष्ठान भोजपुर घेराबारा | १५०००० |
| ११२।२०८२।३।२ | सिद्धेश्वर शिव मन्दिर व्यवस्थापन टोल नं ३ उ स | शिव मन्दिर निर्माण | २००००० |
| ८९।२०८२।१।३१ | मनिखिम भवन घेरावार निर्माण उ स | भवन घेरावार निर्माण | २००००० |
| **जम्मा** | | | **७०००००** |

सैद्धान्तिक बेरुजु

३० **प्रशासकिय भवन निर्माण – ठेक्का नं.NCB/Works/२०८०-८१/०२**

प्रशासकिय भवन निर्माणको लागि लागत अनुमान रु.९ करोड ९२ लाख २३ हजार रहेकोमा विद्युतिय बोलपत्र मार्फत रु.६ करोड ८८ लाख १४ हजार ७१३ मा न्यूनतम कबोल गर्ने आवरण मेटल इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि.सँग मिति २०८३-०३-२७ मा कार्यसम्पन्न गर्ने गरी मिति २०८०-०८-२२ मा सम्झौता पश्चात यो बर्ष रु.१ करोड १२ लाख ७९ हजार ०९८ भुक्तानी भएको छ ।यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् -

३०.१ **मोबिलाईजेशन पेश्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ वमोजिम निर्माण व्यवसायिलाई सार्वजनिक खरिद ऐनको दफा ५२क को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिनसक्ने व्यवस्था छ साथै यस नियम वमोजिम दिएको पेश्की रकम जम्मा भएको वैङ्क खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायिले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ। कार्यालयले प्रशासकिय भवन निर्माण योजना कार्यको लागि निर्माण व्यवसायी आवरण मेटल इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि.लाई दिइएको मोबिलाईजेशन पेश्की रु.६०,८९,७९८ बाँकी रहेको देखियो ।मोविलाईजेशन पेश्कीको प्रयोगका सम्वन्धमा निर्माण व्यवसायिले वैङ्कको विवरण तथा खर्चको हिसाव पेश गरेको छैन। सम्झौताको शर्त र कानुनमा भएको व्यवस्था बमोजिम मोविलाइजेशन पेश्कीको प्रयोगको सुनिश्चितता गर्नुपर्दछ ।



सैद्धान्तिक बेरुजु

३०.२ **शोधभर्ना रकम** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार निकायले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। प्रशासकिय भवन निर्माणको लागि स्थानीय पूर्वाधार विकास विभाग मार्फत ६०% र गाउँपालिका कार्यालय बिच ४० % को साझेदारीमा सम्झौता भएको छ । पालिकाले पेश्कि सहित रु.२ करोड २ लाख ९७ हजार ३७९ (२९.५०%) र पूर्वाधार विकास विभाग द्वारा रु.६१ लाख ५४ हजार ९५१ (८.९२ %) खर्च भएको कारण पालिकाबाट बढि खर्च भएकोले स्थानीय पूर्वाधार विकास विभागद्वारा आर्थिक बर्षको अन्त्यमा को.ले.नि.का.मार्फत IPFMIS मा

प्राप्त रकम रु.१ करोड मध्ये रु.६८ लाख ५५ हजार ४९ गाउँपालिकाको विविध खातामा शोधभर्नाको रूपमा जम्मा भएको छ । सम्झौता मूताबिक बजेट प्राप्ती र खर्चलाई समयवद्ध बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **च्याङ्ग्रे पोखरी निर्माण योजना**

च्याङ्ग्रे पोखरी निर्माण योजना निर्माण कार्यको लागि लागत अनुमान रु.२ करोड ४५ लाख ९७ हजार ७५० रहेकोमा विद्युतीय वोलपत्रको मार्फत रु.२ करोड ११ लाख ९९ हजार २२४३ मा न्यूनतम कबोल गर्ने वाई.पी.आर. कास्यप जे.भी. सँग मिति २०८०।११।३० मा सम्पन्न गर्ने गरी मिति २०७८-०२-१३ मा सम्झौताको भएकोमा हाल सम्झौताको अन्त्य पश्चात हालसम्म रु.१ करोड ५७ लाख ७० हजार ७१३ भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् –

३१.१ **खरिदमा सम्झौताको अवधि थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ऐन बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसक्ने अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको र कार्यालयले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएको वा काबू वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सक्ने व्यवस्था छ । च्याङ्ग्रे पोखरी निर्माण योजना निर्माण कार्यको लागि म्याद थपको लागि निर्माण व्यवसायीले स्रोत सुनिश्चितता नभएको कारण म्याद थपको लागि निवेदन पेश गरेकोमा कार्यपालिकाको निर्णयले मिति २०८१-११-२० सम्म म्याद थप देखियो । निर्माण व्यवसायीको उल्लिखित पक्षको विश्लेषण गरेर मात्र निर्माण कार्यको अवधि थप गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१.२ **भेरियसन आदेश** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । सम्झौताको GCC ४५.१A मा कुनै पनि निर्माण कार्यको कुनै आईटमको कार्यको परिमाणमा २५ प्रतिशत भन्दा बढी र कुल सम्झौता रकममा २ प्रतिशत भन्दा बढीले वृद्धि हुने भएमा तथा निर्माण कार्यको सुरु लागत अनुमानमा समावेश नभएको आईटमको कार्य थप गरी भेरिएसन स्वीकृत गर्दा वार्ताद्वारा नयाँ दर निर्धारण गर्नुपर्ने व्यवस्था छ । च्याङ्ग्रे पोखरी निर्माण योजना निर्माण कार्यको लागि पोखरीको परिधि २९९.६१ मि. रहेको र कार्यान्वयनको क्रममा थप १-२-३-२ रोपनी जग्गा मुआब्जा दिएर खरिद पश्चात पोखरीको परिधि ३३५ मि. पुगेको उल्लेख छ । निर्माण व्यवसायी वाई.पी.आर.कास्यप जे.भी.लाई निर्माण कार्यको बिल भुक्तानी दिदा देहायका आईटममा भेरिएशन स्वीकृत गरी भुक्तानी दिएको छ ।

| **आईटम नम्वर र कामको विवरण** | **स्वीकृत परिमाण** | **भुक्तानी परिमाण** | **वढि परिमाण** | **दर** | **रकम रू** |
|---|---|---|---|---|---|
| Making and fitting fixing of MS pipe including welding,painting,Cutting all Complete as per Design, Specification and approvel | ५६०१ के.जी. | १६२३८ के.जी. | १०,६३७ के.जी. | १४०० के.जी. को प्रति के.जी. रु.१७० को दरले ९२३७ के.जी. को प्रति के.जी. १६८ को दरले | १७,८९,८७३ |

सैद्धान्तिक बेरुजु

३१.३ **खरिद सम्झौताको अन्त्य** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौतामा सो सम्झौता अन्त्य गर्न सकिने अवस्थाहरु खुलाउनु पर्ने उल्लेख छ । जसअनुसार सार्वजनिक निकायले सार्वजनिक हितको लागि सुविस्ताको आधारमा खरिद

सम्झौताको अन्त्य (टर्मिनेसन वाई कन्भिनेन्स) गर्न सक्ने अवस्था,आपूर्तिकर्ता, परामर्शदाता, सेवाप्रदायक वा निर्माण व्यवसायीले खरिद सम्झौता अन्त्य गर्न सक्ने अवस्था, काबू बाहिरको परिस्थितिमा खरिद सम्झौता अन्त्य गर्न सकिने अवस्था सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । च्याङ्ग्रे पोखरी निर्माण योजना निर्माण कार्यको लागि निर्माण व्यवसायी वाई.पी.आर.कास्यप जे.भी. सँग भएको सम्झौतामा गाउँपालिकामा र सांस्कृतिक, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय बिच भएको साझेदारी रकममा मन्त्रालयको लागत ७० प्रतिशत र पालिकाको साझेदारी रकम ३० प्रतिशत रहेकोमा मन्त्रालयबाट रु.१ करोड ४८ लाख ३९ हजार ४५६ स्रोत सुनिश्चितता दिएकोमा हालसम्म रु.८९ लाख ०२ हजार ३२१ निकासा भएको र पालिकाबाट रु.६३ लाख ५९ हजार ७६७ व्यहोर्ने उल्लेख भएको हालसम्म रु.५५ लाख ५३ हजार ५५५ खर्च भएको छ ।मन्त्रालयबाट निकासा गर्नुपर्ने रु.५९ लाख ३७ हजार १३५ को लागि पालिकाले पहल गरेकोमा थप बजेट निकासा भएको देखिएन् । स्रोतको सुनिश्चितता नभएको कारण उक्त निर्माण कार्यको सम्झौता मिति २०८१-११-१८ मा अन्त्य भएको छ । निर्माण कार्यको भौतिक प्रगती ८५ प्रतिशत र वित्तीय प्रगती ६८.१९ प्रतिशत रहेको उल्लेख छ । स्रोत सुनिश्चित नभएको कारण रु.५२ लाख ६४ हजार ८१३ को घटी कार्य गरेको छ । निर्माण व्यवसायीबाट मिति २०८२-०१-२६ मा कार्यसम्पन्न पश्चात बिजक जारी भएकोमा प्राविधिक मूल्यांकन र नापी किताबमा मेजरमेन्टको मिति उल्लेख नभएकोले समयमानै कार्य भएको सम्बन्धमा यकिन गर्न सकिएन । सम्झौता मूताबिक स्रोत सुनिश्चतता भई योजना तथा कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **म्याद ननाघेको पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायको फर्म वा निकायलाई रु.६०,८९,७९८।¬ पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| भौ नं र मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| १०/२०८१/०४/०१ | प्रशासकिय भवन सङ्घीय सरकारसँग साझेदारी | आवरण मेटल इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि | ६०८९७९८ |

सैद्धान्तिक बेरुजु

३३ **खरिद कार्यको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३४ **तिवारीभञ्ज्याङ-मानेडाँडा-अधेरीघाट सडक (पञ्चकन्या कृषि सडक स्तरउन्नति) कालोपत्रे ( प्रदेश समपुरक)**

तिवारीभञ्ज्याङ- मानेडाँडा-अधेरीघाट सडक (पञ्चकन्या कृषि सडक स्तरउन्नति) कालोपत्रे सडक निर्माण कार्यको लागि लागत अनुमान रु.२ करोड २४ लाख ३३ हजार ९८२ रहेकोमा विद्युतिय बोलपत्र मार्फत न्यूनतम कबोल गर्ने आनन्द।दिल।भुषण जे.भी.सँग मिति २०८२-०१-२० मा कार्यसम्पन्न गर्ने गरी मिति २०८१-०८-०२ मा सम्झौता पश्चात कार्यसम्पन्न गरी रु.१ करोड ८१ लाख ३४ हजार १४९ भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् –

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम सम्झौता बमोजिमको अवधि भित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यस्ता आयोजनाको निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाइ संशोधित कार्यतालिका तथा म्याद थपका उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी तथा कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्नुपर्ने साथै कार्य सम्पादन जमानतको म्याद ठेक्का संझौताको म्याद सकिने मितिले त्रुटी सच्याउने अवधिसम्मको हुनुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० कार्यसम्पादन जमानतको (बिमा)मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ । तिवारीभञ्ज्याङ- मानेडाँडा-अधेरीघाट सडक (पञ्चकन्या कृषि सडक स्तरउन्नति) कालोपत्रे सडक निर्माणको बिमाको वापत रु.१,०४,६२२ भुक्तानी भएकोमा प्रथम पटकको म्याद थप पश्चात सोको अवधि मिति २०८३-०३-२० सम्मको म्याद हुनुपर्नेमा मिति २०८३-०१-२० सम्म भएकोले म्याद थप गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०४,६२२ |

३५ **फुसको छानो मुक्त अभियान अन्तर्गत जस्तापाता वितरण कार्यक्रम**

फुसको छानो मुक्त अभियान अन्तर्गत जस्तापाता वितरण कार्यक्रमको पहिलो प्याकेज अन्तर्गत रु.१ करोड १९ लाख ९४ हजार ४१९ को लागत अनुमान तयार गरी विद्युतिय बोलपत्रको माध्यमबाट न्यूनतम रु. ५९ लाख ३० हजार ९२ मा घटी कबोल गर्ने मनोकामना सप्लायर्स सम्झौता गर्न नआएको करण बोलपत्र जमानत रु.३ लाख जफत गरी दोस्रो घटी रु.६८ लाख ३५ हजार ९३५ कबोल गर्ने लक्ष्मी सप्लायर्स सँग मिति २०८१-०८-३० मा कार्यसम्पन्न गर्ने गरी मिति २०८१-०७-०८ मा सम्झौता पश्चात थप १५ प्रतिशत जस्ता पाता खरीद गरी रु.७८ लाख ०९ हजार ८८२ भुक्तानी दिएको छ । सप्लायर्सबाट मिति २०८१-०९-०३ मा बिजक जारी गरेता पनि मिति २०८२-०५-१२ मा मात्र जिन्सी दाखिला गरेको देखियो । दोस्रो प्याकेज अन्तर्गत रु.२९ लाख ३० हजार ३७२ को लागत अनुमान तयार गरी विद्युतीय बोलपत्र मार्फत न्यूनतम कबोल गर्ने साहेवाल ट्रेडिङ्ग प्रा.लि.सँग मिति २०८१-११-३० मा कार्यसम्पन्न गर्ने गरी मिति २०८१।१०।११ मा सम्झौता पश्चात थप १५ प्रतिशत जस्ता पाता खरिद गरी यो बर्ष रु.२९ लाख ३० हजार ३७२ भुक्तानी दिएकोमा सप्लायर्सबाट मिति २०८१-१०-१५ बिजक जारी भएकोमा मिति २०८२-०५-१२ मा जिन्सि दाखिला भएको छ । यो बर्ष १७९ समेत हालसम्म ५०० जानालाई खरको छाना विस्थापीत गरी जस्तापाता वितरण कार्यान्वयन कार्याविधि,२०८० बमोजिम वितरण गरेको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् –

३५.१ **सफ्टवेयरको प्रयोग** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । फुसको छानो मुक्त अभियान अन्तर्गत जस्तापाता वितरण कार्यक्रमको लागि पालिका आफैले खरको छानो व्यवस्थापन प्रणाली सफ्टवेयरको निर्माण गरी प्रयोग गरेको छ । उक्त सफ्टवेयरबाट प्राविधिक मूल्यांकन सम्बन्धि विवरण जारी हुने भएता पनि वितरण भएको जस्ताको संख्यामात्र उल्लेख भएको देखियो । साथै यस्तो सफ्टवेयर सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको नदेखिएकोले स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

३५.२ जस्तापाता वितरण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार निकायले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट खरिद भएको देहायको जस्तापाता वितरण नगरी मौज्दात राखेको देखियो । मौज्दातमा भएको जस्तापाता वितरण गरी कार्यसम्पन्न प्रतिवेदन र नापीकिताब पेश गर्नुपर्ने रु.

| सामाग्रीको नाम | स्पेसिफिकेसन | लक्ष्मी सप्लायर्सबाट खरिद (थान) | साहेवाल ट्रेडिङ्ग प्रा.लि बाट खरिद (थान) | जम्मा खरिद थान | वितरण थान (खरको छानो व्यवस्थापन प्रणाली अनुसार) | मौज्दात | औषत खरीद दर | रकम |
|---|---|---|---|---|---|---|---|---|
| **Ridge Cover Color Ridge Cover २६ gauged (Min White ६५ kg/Bundle) ०.४० MM thick** | फिट | ५६२६ | ३७७४ | ९४०० | ७२७० | २१३० | ६८ | १,४४,८४० |
| **६ Fit-Color CGI २६ gauge (Min White ६५ kg/Bundle) ०.४१ MM thick** | **पिस/थान** | ९६० | ९६० | १९२० | १७८४ | १३६ | ६९६ | ९४,६५६ |
| **७ Fit-Color CGI २६ gauge (Min White ६५ kg/Bundle) ०.४१ MM thick** | **पिस/थान** | ८०० | ० | ८०० | ८१८ | -८(गत बर्षको मौज्दातबाट) | | - |
| **८ Fit-Color CGI २६ gauge (Min White ६५ kg/Bundle) ०.४१ MM thick** | **पिस/थान** | १०१७ | ० | १०१७ | १०१५ | २ | १२९३ | २,५८६ |
| **९ Fit-Color CGI २६ gauge (Min White ६५ kg/Bundle) ०.४१ MM thick** | **पिस/थान** | ८९६ | २४० | ११३६ | ११३१ | ५ | १४५४ | ७,२७० |
| **१० Fit-Color CGI २६ gauge (Min White ६५ kg/Bundle) ०.४१ MM thick** | **पिस/थान** | ७९१ | ५६० | १३५१ | १३४९ | २ | १६६२ | ३,३२४ |
| **१२ Fit-Color CGI २६ gauge (Min White ६५ kg/Bundle) ०.४१ MM thick** | **पिस/थान** | ८४३ | २४० | १०८३ | १०२० | ६३ | १९३९ | १,२२,१५७ |
| | | | | | | | जम्मा | ३,७४,८३३ |

| प्रमाण पेश नगरेको | ३,७४,८३३ |
|---|---|

३६ **कार्यालयको काममा उपभोक्ता** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१२) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने, रेखदेख तथा मर्मत सम्भार गर्ने जिम्मेवारी प्रदान गर्न नसकिने च्याङ्ग्रे स्वास्थ्य चौकी तथा प्रसुति

केन्द्र अधुरो भवन निर्माणको लागि प्रदेश सशर्त अनुदानबाट रु.३० लाख बजेट प्राप्त भएकोमा उपभोक्ता समिति मार्फत कार्य गर्ने गरी सम्झौता गरेको , स्वास्थ्य क्षेत्र विकास कार्यक्रम अन्तर्गत सोहि निर्माण कार्यको लागि को.ले.नि.का. IPFMIS बाट रु.३७ लाख प्राप्त भएकोमा सोहि उपभोक्ता समितिमार्फत कार्य नगराइ छुट्टै उपभोक्ता समिति मार्फत कार्य गराएको देखियो । दुबै स्रोतबाट रु.६३ लाख ८२ हजार भुक्तानी भएकोमा पून सोहि योजनामा शहरी विकास तथा भवन कार्यालय,धनकुटाबाट निर्माण व्यवसायी मार्फत कार्य गर्ने गरी रु.१५ लाख ८६ हजार ३९५ मा सम्झौता भएको देखियो । एकै योजनामा तिन वटा स्रोतबाट बजेट विनियोजन भई भुक्तानी भएकोमा निर्माण कार्यमा हुनसक्ने दोहोरोपना सम्बन्धमा यकिन गर्न सकिएन । साथै एकै योजनाको लागि दुई अलग अलग उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी दिएको मनासिब देखिदैन ।

सैद्धान्तिक बेरुजु

३७ **बिल भरपाई वेगर भुक्तानीः**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको गो.भौ.नं. र मितिमा बिल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित फर्मबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नंरमिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| २३।२०८१।९।८ | सिद्धकाली डेकोरम एण्ड फर्निचर प्रा.लिलाईफर्निचर खरिदको फोटोकपी विल प्रमाण पेश भुक्तानी भएकाले प्रमाण पेश गर्नुपर्ने रु. | ४००००० | फोटोकपी विजक पेश |
| | | प्रमाण पेश नगरेको | ४,००,००० |

३८ **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (मानेडाँडा अस्पताल) ५ बेड अस्पताल**

एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (मानेडाँडा अस्पताल) ५ बेड अस्पताल निर्माण कार्यको लागि लागत अनुमान रु.६ करोड ७८ लाख २६ हजार ५३४ रहेकोमा विद्युतिय बोलपत्र मार्फत न्यूनतमा कबोल गर्ने कोशिला बस्नेत।सारा सृष्टि।मकालु जे.भी.सँग रु.४ करोड ८१ लाख १४ हजार ८८३ मा मिति २०८१-०१-३१ मा कार्यसम्पन्न गर्ने गरी २०७७-१२-२५ मा सम्झौता पश्चात म्याद थप गरी मिति २०८२-०१-३१ सम्म कार्यसम्पन्न पश्चात मूल्य समायोजन समेत रु.५ करोड २८ लाख ०३ हजार ८९७ भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् -

**अस्पताल सञ्चालन** - स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम ८८ अनुसार योजना छनौट गर्दा स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना र अन्य क्षेत्रगत योजनको प्राथमिकतामा परेको, श्रममा आधारीत रोजगारी सिर्जना गर्ने किसिमका, बढि जनहसभागीता हुने, विपदबाट भएको वा हुन सक्ने क्षतिलाई सम्बोधन गर्ने पूर्व तयारी र जोखीम न्यूनीकरण गर्ने पूर्वाधार सम्बन्धी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (मानेडाँडा अस्पताल) ५ बेड अस्पतालको निर्माण कार्य सम्पन्न भइसकेको अवस्थामा सञ्चालनमा ल्याएको छैन । नागरिकलाई गुणस्तरीय,सहज र सरल रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउँन अस्पताल शिघ्र रुपमा सञ्चालनमा ल्याउँनु पर्दछ ।



सैद्धान्तिक बेरुजु

३९ **सुरक्षित नागरिक आवास कार्यक्रमतर्फ**

**निकासा र खर्चः** गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वियनकालागी शहरी विकास भवन निर्माण विभागद्वारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७५ जारी गरेको छ । यस गाउँपालिकाले यो वर्ष कार्यक्रम कार्यन्वयनका लागी २३ लाई जना प्रथम र दोस्रो किस्ता वापत रु.५० हजारको रु.११,५०,००० दरले र ४ जनालाई दोस्रो किस्ताको रु.२०,००० को दरले र १ जनालाई रु.५,००० घटि समेत रु.७५,००० हजार समेत रु.१२ लाख २५ हजार खर्च लेखेकोमा देहायको बेहोरा देखिएका छन् ।

**कार्य प्रगतिः** कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनकालागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । अत कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **उपभोक्ता समितिलाई सिमा बढी पेश्की**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (५) मा उपनियम (३) बमोजिम खरिद सम्झौता भएपछि सार्वजनिक निकायले त्यस्तो समिति वा समुदायलाई सम्झौता रकमको बढीमा एक तिहाई रकमसम्मको अग्रिम रूपमा पेश्की दिन सक्नेछ। सार्वजनिक निकायले त्यसरी दिएको पेश्कीको अन्तिम किस्ता भुक्तानी गर्नु अघि फर्स्यौट गरी सक्नु पर्नेछ । पालिकाले देहायको उपभोक्ता समिति मार्फत कार्य गर्न सम्झौता गरेकोमा सम्झौता रकमको सिमा भन्दा बढि पेश्की दिएको मनासिब देखिदैन ।

| उ.स.को नाम | सम्झौता रकम | ३३% पेश्की दिनुपर्ने | दिएको पेश्की | बढि पेश्की |
|---|---|---|---|---|
| च्याङ्ग्रे स्वास्थ्य चौकी तथा प्रसुति केन्द्र अधुरो भवन नि.उ.स. | ३००००० (प्रदेश सशर्त अनुदान) | ९,९०,००० | १५,००,००० | ५,१०,००० |
| | ३५,५२,००० (को.ले.नि.का. स्वास्थ्य क्षेत्र विकास कार्यक्रम अन्तर्गत ) | ११,०६,१६० | १२,००,००० | २७,८४० |
| | | | जम्मा | ५,३७,८४० |

सैद्धान्तिक बेरुजु

४१ **सार्वजनिक संरचना निर्माणमा उपभोक्ता समिति**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा खरिद विधि छनौट र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिद कारबाहीको तयारी सम्बन्धी व्यवस्था रहेका छन् । सार्वजनिक निकायको संरचना निर्माणमा उपभोक्ता समितिबाट भएको कामको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने कार्य उपभोक्ता समितिवाट नगराइ प्रतिस्पर्धा हुने गरी गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा निम्नानुसारका उपभोक्ता समितिमार्फत कार्य गराएकोमा सार्वजनिक निकायसँग सम्बन्धित निर्माण कार्य गर्नका लागि उपभोक्ता समिति परिचालन भएको व्यहोरा सहित निम्नानुसार भुक्तानी दिएको छ । उपभोक्ता वा लाभग्राही समुदाय प्रत्यक्ष संलग्नता नरहने वा जनसहभागिता नजुटने सार्वजनिक निकायको निर्माणसँग सम्बन्धित कार्य प्रतिस्पर्धात्मक खरिद विधि नअपनाई उपभोक्ता समितिमार्फत गराएको अनियमित देखिएको रु.

| स | उपभोक्ता समिति | भुक्तानी | कार्य |
|---|---|---|---|
| १ | वडा नं ५ कार्यालय घेराबारा उपभोक्ता समिति | ६४३०६५ | घेराबार कार्य |
| २ | तिवारीभञ्याङ स्वास्थ्य चौकी घेरावारा गाउँपालिकासँग साझेदारीमा | ५७६००० | घेराबार कार्य |
| **जम्मा** | | **१२१९०६५** | |

| | |
|---|---|
| अनियमित भएको | १२,१९,०६५ |

४२ **आन्तरिक लेखापरीक्षण बेरुजु**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा३३(८) मा लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको व्यहोरा अन्तिम लेखापरीक्षण अवधिसम्म फर्स्यौट गरेको छैन।आन्तरिक लेखापरीक्षणवाट औल्याइएको बेहोरा देहाय बमोजिम रहेको छ।

४२.१ **पेश्की रकम** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम कुनै व्यक्ति वा संस्थाले सरकाकरी कामको लागि पेश्की रकम लिनु पुर्व के कति रकम चाहिने सो को यकिन विवरण खुलाई सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्ने हुन्छ ।कार्यालयले देहाय बमोजिमको कार्यक्रम संचालनको लागी पेश्की रकम उपलब्ध गराउँदा आर्थिक प्रस्तावान विना नै पेश्की रकम दिएको देखिन्छ । एकमुष्ट रकम दिँदा के के शिर्षकमा कति कति रकम खर्च गर्ने सो को आर्थिक प्रस्तावनाको प्रमाण पेश गर्नुपर्ने रु.

| गो भौ नं। मिति | बजेट शिर्षक | पेश्की पाउने | रकम |
|---|---|---|---|
| ३२३।२०८२।०१।०७ | गाउँ सभा संचालन | दिनेश खड्का | १२५००० |
| ३२४।२०८२।०१।०७ | दलित समुदायलाई परम्परागत बाजा खरिद | उपभोक्ता समिति | १००००० |
| | | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२५,००० |

४२.२ **उपभोक्ता समितिको कार्यमा ठेकेदार वा निर्मण ब्यवसायी प्रबेश-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को ३ मा आर्थिक विकस तथा गरिवि निवारणमा प्रत्यक्ष योगदान पुर्याउने उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिनेछ ब्यवस्था रहेको छ । सोही नियमावलीको उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण ब्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन नहुने उल्लेख गरेको छ । तर पालिकाले यस आ.ब को उपभोक्ता समितिबाट संचालित तपसिलका उपभोक्ता समिति गठन गरि सम्झौता भएका अधिकांश योजनाहरुमा निर्माण ब्यवसायीहरु संलग्न गराई योजनाको काम गरेको तथा सम्बन्धित सार्वजनिक निकायको प्राविधिकको सिफारिस तथा सहमति विना हेभि मेशिन प्रयोग गरि योजना सम्पन्न गरेको हुँदा त्यस प्रकारका योजनहरु संचलानमा पालिकाको ध्यान जान तथा सुधार गर्नुपर्ने देखिन्छ । त्यस प्रकारका आयोजनाहरुको उदाहरुणहरु देहायनुसार रहेको पाइयो ।

| गोश्वर भौ नं र मिति | सडकको नाम | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| ४।२०८१।०६।१८ | प्याक्ला बेशी सडक निर्माण | छरछरे निर्माण सेवा | ७५०००० |
| १६।२०८१।०८।२७ | सुनडाँडा बोल्दे हुदै ढ्याङग्रे खोला सडक निर्माण | मकालु निर्माण सेवा | १००००० |
| २८।२०८१।०९।२१ | खत्रीगाउँ बरवोट सडक स्तरउन्नती | मकालु निर्माण सेवा | २००००० |
| ४०।२०८१।१०।१४ | आईतबारे देखि हाबु सडक निर्माण | मुक्कुमुलुङ्ग कन्स्ट्रक्सन प्रा ली | ८२५०० |

सैद्धान्तिक बेरुजु

४३ **हेभी इक्विपमेण्टको प्रयोग-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गो भौ नं मिति | उपभोक्ता समितिको नाम | कार्य विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | निर्माण व्यवसाय | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|---|
| १५५।२०८२।३।२५ | तिवारीभञ्याङ्ग खेलकुद विकास समिति | खेलमैदान निर्माण | ९६०००० | एक्साभेटर | मकालु निर्माण सेवा | ९५४५७४ |
| १४४।२०८२।३।२३ | हंग्रायो पोखरीटार सडक स्तरउन्नती योजना उ स | सडक स्तरउन्नती | १३५९३२ | एक्साभेटर | छरछरे निर्माण सेवा | १०११४५ |
| १३१।२०८२।३।१९ | मानेडाडा देखि चौकीबारी जोड्ने सडक स्तरोन्नती उ स | सडक स्तरउन्नती | ४००००० | एक्साभेटर | छरछरे निर्माण सेवा | ९४१०० |
| १२९।२०८२।३।१७ | गुम्बा हुदै पञ्चकन्या प्रा वि सम्म जाने कृषि सडक योजना उ स | नयाँ सडक निर्माण | ५००००० | एक्साभेटर | मुक्कुमलुँग कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा लि | ५५३१११ |
| ११६।२०८२।३।८ | सोलाखाम मामिङ कृषि सडक विस्तार उ स | नयाँ सडक निर्माण | ३२०९०८ | एक्साभेटर | छरछरे निर्माण सेवा | ३५४२८३ |
| १०८।२०८२।२।३० | तिनतले सडक निर्माण योजना उ स | नयाँ सडक निर्माण | २८२५०० | एक्साभेटर | छरछरे निर्माण सेवा | ३१२०३१ |
| १०५।२०८२।२।२२ | टोल नं ७ सडक निर्माण उपभोक्ता समिति | नयाँ सडक निर्माण | १५०००० | एक्साभेटर | मकालु निर्माण सेवा | १६८७५१ |
| १०२।२०८२।२।१९ | नागेटोल तल्लो नागे कृषि सडक उ स | नयाँ सडक निर्माण | १००००० | एक्साभेटर | छरछरे निर्माण सेवा | १६८३३६ |
| ९७।२०८२।२।१३ | बाह्रविसे कृषि सडक उ स | नयाँ सडक निर्माण | ४६१४५८ | एक्साभेटर | छरछरे निर्माण सेवा | ५१०३९१ |
| ९६।२०८२।२।११ | मुलगौडा सडक निर्माण उ स | नयाँ सडक निर्माण | २००००० | एक्साभेटर | छरछरे निर्माण सेवा | २२३८७१ |
| ८०।२०८२।१।१५ | चुकीडाँडा सडक निर्माण उ स | नयाँ सडक निर्माण | ४६५००० | एक्साभेटर | छरछरे निर्माण सेवा र मुक्कुमलुँग कन्स्ट्रक्सन | ५१४५९१ |
| ४९।२०८१।११।२२<br>४।२०८१।६।१८ | प्याक्ला बेशी कृषि सडक निर्माण उ स | नयाँ सडक निर्माण | १०६९८६१ | एक्साभेटर | छरछरे निर्माण सेवा | ११९३४५३ |
| २८।२०८१।९।२१ | खत्री गाउँ बरबोट सडक स्तरोन्नती | सडक स्तरोन्नती | २००००० | एक्साभेटर | मकालु निर्माण सेवा | २२२७५९ |
| १६।२०८१।८।२६ | ढुङ्ग्रेधारा भातेढुङ्गा जाने सडक निर्माण | नयाँ सडक | २१२५०० | एक्साभेटर | मकालु निर्माण सेवा | २४४३६० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | निर्माण | | | | |
| जम्मा | | | ५४५८१५९ | | | ५६१५७५६ |

सैद्धान्तिक बेरुजु

४४ **भुक्तानी प्रकृयाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा रु. २५ हजार भन्दा माथीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउण्ट पेयी चेक मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिका अन्तर्गतका वडा द्वारा सञ्चालित विभिन्न शिर्षक तथा कार्यक्रमहरुमा खरिद सामग्रीहरुको रकम भुक्तानी गर्दा नियमावलीको व्यवस्था बमोजिम रु.२५ हजार भन्दा बढीको खरिद गर्दा सोझै आपूर्तकलाई भुक्तानी दिएको पाइएन । पालिकाले नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ साथै वडा द्वारा गरिएका खरिद कार्यको भुक्तानी गर्दा वडा सचिवलाई भुक्तानी दिने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ । उदाहरणको लागि देहाय बमोजिम रहेका छन् ।

| गो भौ नं मिति | भुक्तानी लिने | कार्य वापत | रकम |
|---|---|---|---|
| १४०।२०८२।३।२२ | फुर्वा तामाङ्ग | तिवारीभञ्ज्याङ्ग विद्यालय पछाडी नाली मर्मत | १००००० |
| १३९।२०८२।३।२२ | दिनेश राई | पापुम सडक स्तरोन्नती | १००००० |
| १३६।२०८२।३।२१ | मिन प्रकाश चौधरी | खानेपानी व्यवस्थापन | ५११६० |
| १२६।२०८२।३।१२ | गणेश बहादुर कार्की | २ नं वडालाई सामुहिक समुहगत भाडाकुडा खरिद | १००००० |
| १०६।२०८२।२।२२ | मिन प्रकाश चौधरी | वडा कार्यालय व्यवस्थापन | २५०००० |
| ८२।२०८२।१।२२ | ओम बहादुर भण्डारी | लिलावती देविथान व्यवस्थापन साबुङ | १००००० |
| ४६।२०८१।११।२१ | सिता कार्की | २ नं वडा ठोटने कार्कीगाउँ मुहान मर्मत उ स | ५०००० |
| ४५।२०८१।११।१३ | राम प्रसाद थापा मगर | सानोदुम्मा जोड्ने सडक निर्माण कार्य उ स | ८०३७३ |
| ४०।२०८१।१०।२३ | जित कुमार राई | आईताबारे देखि हाबु सडक निर्माण उ स | ८२५०० |
| ३७।२०८१।१०।१३ | सन्तोष राई | खोसाङ पुच्छर घरदेखि प्याक्ला जोड्ने सडक निर्माण | १००००० |
| ३०।२०८१।९।३० | रंजिता कार्की | सचेतना भवन फर्निचर खरिद कार्यक्रम | १४९६४१ |
| १७।२०८१।८।२७ | चण्डीराज तिवारी | २ नं वडा सुनडाडा बोल्दे हुदै ढ्याङ्ग्रे खोला सडक निर्माण उस | १००००० |
| १५।२०८१।८।२४ | विष्णु कुमार राई | डम्पिङ साईड देखि विष्णु राईको घरसम्म सडक निर्माण | १००००० |
| **जम्मा** | | | **१३६३६७४** |

सैद्धान्तिक बेरुजु

४५ **वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम ( GEEP):**

४५.१ प्रदेश सरकार, स्थानीय तह र दायित्व भन्ने गैरसरकारी संस्थाबीचको सहकार्य र सहलगानीमा देहायको उदेश्य पुरा गर्ने गरी आ.व २०८१।८२ को लागि कुल बजेट रु ६० लाख मध्ये प्रदेश सरकारबाट ४० लाख तथा पालिकाबाट कुल रु.२० लाख लागत साझेदारी तथा दायित्व भन्ने गैर सरकारी संस्थाबाट प्रशासनिक सहजीकरण गर्ने गरी आ.व २०८१।८२ तथा २०८२। ८३ सम्म कार्यक्रम सम्पन्न हुने गरी मिति २०८१ माघ २१ गते त्रिपक्षीय सम्झौता भएको देखियो ।कार्यक्रमको उदेश्य संगै यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

- उद्यमशीलता मार्फत रोजगारी सिर्जना गर्ने तथा उद्यम व्यवसाय सञ्चालन गरिरहेका तथा गर्न चाहने युवा तथा महिलाहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धी गर्दै उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तिकरण गर्ने
- युवा तथा महिला उद्यमीलाई उद्योग व्यवसाय गर्न आवश्यक प्राविधिक सहयोग, सकारी, निजी क्षेत्र तथा वित्तीय संस्थाबाट प्रदान गरिने ऋण, सेवा, सुविधा तथा सहुलियतको जानकारी एवंम पहुँचका लागि सहजिकरण गर्ने
- ग्रामीण वृद्धिमुखी उद्यमहरुको द्रुतीकरण गर्ने तथा शासकीय क्षमता अभिवृद्धि गर्ने
- बहुसरोकारवालाहरुको ज्ञान आदान प्रदान मार्फत सिकाइ विस्तार र नवीनतम, परम्पारगत प्रविधिको उपयोग गर्न सक्ने उद्यमशील जनशक्तिको विकास गर्ने रहेको छ ।

सैद्धान्तिक बेरुजु

४५.२ **बजेटको वाँडफाडः** कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभबढी भएका र सामाजिक लाभ उच्च भएका कार्यक्रमको प्रस्ताव गर्नुपर्दछ। प्रतिफल उच्च रहने मानिएका कार्यक्रमका मुख्य विषय र क्षेत्रमा कुल अनुमानित बजेटको बढी हिस्सा र सोको संचालनार्थ बजेटको कम हिस्सा खर्च हुने गरी बजेट तय गर्नुपर्दछ । सम्झौताबमोजिम वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रमको खर्च व्यवस्थापन निम्नानुसार रहेको छ । कार्यक्रमको लागि प्रस्तावित गरिएको देहायबमोजिमको अधिकांस हिसा रोजगारमुखी भन्दा बढी प्रशासनिक कार्यमा केन्द्रित रहेको छ ।

| बजेट शिर्षक र कार्यक्रम | अनुमानित बजेट | बजेट |
|---|---|---|
| उधमी छनौट,सक्षमीकरण र स्तरीकरण | ७२०२०० | १२ प्रतिशत |
| उद्यमी स्तरोन्नती | १८२६८०० | ३० प्रतिशत |
| उद्यम सुशासन सुद्धीकरण | ६७१२५० | ११ प्रतिशत |
| समुदाय र उद्यम परितन्त्र संलग्नता र सबलीकरण | ३६३१०० | ६ प्रतिशत |
| बहु सरोकारवालाको ज्ञान र सिकाई आदानप्रदान | ३६८६५० | ६ प्रतिशत |
| प्रविधि पुरक साझेदारी | २०५०००० | ३४ प्रतिशत |

सैद्धान्तिक बेरुजु

४५.३ लागत अनुमानमा नदेखिएको सहभागिताः प्रदेश सरकार , पालिका र गैर सरकारी संस्था दायित्वको त्रिपक्षीय साझेदारीमा कार्यक्रम गर्ने गरी लिखित सम्झौता गरेको देखिएतापिन आर्थिक साझेदारीमा प्रदेश सरकारले रु ४०००००० तथा पालिकाले रु. २०००००० लागत व्यहोर्ने गरी खर्चको लागत अनुमान तयार भएको देखियो ।सम्झौतामा गैर सरकारी संस्था दायित्वले प्राविधिक सहजीकरणमा आर्थिक भार व्यहोर्ने कुरा गरेतापनि वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा १५(३) मा रु. १५ लाख बराबरको प्राविधिक सहयोग गर्ने व्यवस्था स्पष्ट रुपमा किटान गरी कार्यक्रम संचालन गर्ने निर्दिष्ट मार्गदर्शन गरेको देखियो । यसरी सम्झौता बमोजिमको प्रस्तावित खर्चको लागत अनुमानमा गैर सरकारी संस्थाले व्यहोर्ने आर्थिक साझेदारी उल्लेख नहुँदा त्यसको अभिलेखांकन तथा विश्लेषण गर्न सक्ने अवस्था रहेन । तसर्थ यसरी अधुरो तथा अपारदर्शी रुपमा गरिएको सम्झौता कानुन सम्मत मान्न सकिएन ।

सैद्धान्तिक बेरुजु

४५.४ कानुन विपरीत सम्झौताः कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र गैरसरकारी संस्था “ दायित्व” विच सुशासन र विकासको लक्ष्य प्राप्ति गर्ने कार्यमा द्बिपक्षिय समझदारी पत्र मिति २०८१।०२।१६ गते हस्ताक्षर भएको देखियो ।त्यस्तै मिति २०८१।०४।२९ गते उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, पौवादुङमा गाउँपालिका र दायित्व संस्थाबिच बृद्धिमुखी उद्यमशीलता र

रोजगारी प्रवर्द्धन कार्यक्रमको लागि त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको देखियो र यहि समझदारी पत्रको आधारमा कार्यक्रम गर्ने गरी पालिका र दायित्वबीच मिति २०८१।१०।२१ गते द्विपक्षीय सम्झौता भएको देखियो । मिति २०८१।१०।०९ गते जारी भएको वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्याविधि, २०८१ को दफा ६(२) कार्यक्रम सञ्चालका लागि संस्थाले गर्ने कार्यक्रमको ढाँचा र उक्त कार्यक्रममा हुने प्राविधिक सहजीकरणको लागि गुणस्तरको आधारमा मन्त्रालयले संस्थाको छनौट गर्न सक्ने व्यवस्था छ तर कुन मापदण्डको आधारमा उल्लेखित कार्यक्रम गर्नको लागि दायित्व संस्था छनौट भएको हो सो सम्बन्धी विवरण खुल्ने प्रमाण पेश भएको देखिएन ।स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको भए तापनि गैरसरकारी संस्थासँग स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन । स्थानीय तहले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २५ बमोजिम गैरसरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी आफ्ना योजना र कार्यक्रम स्थानीय तहको योजना, बजेट तथा कार्यक्रममा समावेश गराई मात्र सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैरसरकारी संस्थाबाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ ।उपरोक्त नियम ९९ मा गैरसरकारी संस्थाबाट दश लाख रूपैयाँसम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त तयार गरी कम्तिमा पन्ध्र दिनको अवधिको सूचनामार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैरसरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि बृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धनको लागि पालिकाले अनुमानित लागतको ३३ प्रतिशत खर्च रू. २०००००० बेहोर्ने गरी लागत साझेदारीको नाममा प्रदेश सरकार तथा दायित्व भन्ने गैर सरकारी संस्थासँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्रसँग अमिल्दो रकमको सीमा भन्दा बढी हुने गरी सो कार्यक्रम कार्यान्वयन गर्न र सोका लागि खर्च परिचालन गर्न उक्त गैरसरकारी संस्थालाई प्राविधिक सहयोग सहितको अधिकार दिएको कार्य कानूनसम्मत देखिएन ।

सैद्धान्तिक बेरुजु

४५.५ **उपलब्धिको विश्लेषणः** कार्यक्रम संचालन गर्नु पूर्व सो सम्बन्धी विस्तृत अध्ययन विश्लेषण गर्नुपर्दछ । सोको अभावमा नै कार्यक्रम स्वीकृत गरेको अवस्था छ । कार्यक्रमको उद्धेश्य प्राप्त भए नभएको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रमको उद्यमी छनौट, सक्षमीकरण र स्तरीकरण, उद्यमी स्तरोन्नति, उद्यम सुशासन सुदृढीकरण, समुदाय र उद्यम परितन्त्र संलग्नता र सबलीकरण, बहु सरोकारवालाको ज्ञान सिकाइ आदानप्रदान तथा प्रविधि पुरक साझेदारी सहितको ६ क्षेत्रमा कार्य गरिने विस्तृत कृयाकलापको विवरण, सोमा लाग्ने खर्च, लाभग्राहीको छनौट, अपेक्षित प्रतिफल, कार्य सम्पादन सूचक, सार्वजनिक खरिद कानूनको पालना विधि र पारदर्शिताको व्यवस्था निर्धारण नगर्नाले तथा लक्ष्य र प्रगति विवरण पेश नगर्नाले शीर्षकगत खर्चमा स्वीकृत सीमा नाघे ननाघेको, विधिको पालना भएनभएको र अपेक्षित प्रगति हासिल गरे नगरेको यकिन गर्न सकिएन । संघीय बजेट र प्रादेशिक बजेटबाट अन्य कार्यालयहरूले पनि उद्यमी तथा रोजगार सम्बन्धी कार्यक्रम संचालन गरिरहेको अवस्थामा यस कार्यक्रमको कार्य दोहोरो परे नपरेको बारे अध्ययन विश्लेषण गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

४५.६ **स्वायतता वेगरको भुक्तानीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यक्रमको सम्भाव्यता अध्ययन, जोखिम, आन्तरिक नियन्त्रण तथा प्रतिफलको प्रभावकारी लेखाजोखा नगरी यस कार्यक्रमको स्वीकृति दिएको देखियो । कानुनी हिसाबले कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवारी तथा दायित्व पालिकामाथि रहेतापनि कार्यक्रम कार्यान्वयनको आधारमा लेखाजोखा गर्दा

कार्यान्वयनमा पालिकाले स्वतन्त्रता तथा आत्मनिर्भता प्राप्त गरेको देखिएन ।गैरसरकारी संस्थाको हकमा प्राविधिक सहजिकरण गर्ने जिम्मेवारी कानुनी रुपमा उल्लेख भएतापनि कार्यान्वयनको क्रममा उक्त सहजीकरण कार्य पारदर्शि ढंगले लागु भएको अवस्था नदेखिएको हुँदा सार्वजनिक खरिद तथा आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व कानूनबमोजिम कार्य गरेको पाइएन ।सार्वजनिक खरिद तथा आर्थिक कार्यविधि कानूनको पालना र जवाफदेहिताको सुनिश्चितता हुने गरी गैरसरकारी संस्थामार्फत् सम्पादीत कार्यमा भएको सार्वजनिक श्रोत खर्च गर्न गराउन आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था नगरी र कार्यालयका सम्बन्धित अधिकारीको प्रत्यक्ष संलग्नता बेगर सम्पादित देहायबमोजिमको कार्यमा भएको खर्च नियमसम्मत नदेखिएको रु

| **भौ नं** | **कार्यक्रम** | **खर्च रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १६। २०८२।३। ०२ | सम्भाव्यता अध्ययन तथा आर आर आई समुहलाई तालिम खर्च | ११७००० | दायित्वबाट सम्पादीत कामको भुक्तानीमा प्राविधिक सहजीकरण गर्ने गरी भएको सम्झौता विपरीत प्रशिक्षण कार्यमा भएको खर्चको समेत सोधभर्ना भएको |
| २१। २०८२।३। २३ | १३ जना संस्थालाई अनुदान वितरण | २२११०१ | उत्कृष्ट ४० जना उद्यमी मध्ये १३ संस्थालाई कुन मापदण्डको आधारमा रु.२५००० को दरले अनुदान वितरण गरेको हो सो सम्बन्धमा स्पष्ट हुने अवस्था देखिएको छैन । |
| २२। २०८२।३। २३ | दायित्व संस्थालाई उत्कृष्ट ४० उद्यमी घोषणा तथा वुट क्याम्प क्रियाकलाप सञ्चालन | १७००३० | उत्कृष्ट ४० उद्यमी घोषणाको मापदण्ड तथा सम्पादीत हुने कामको लागत स्वीकृत नगराई संस्थाले गरेको खर्चको आधारमा सोधभर्ना |
| २४। २०८२।३। २४ तथा ६१५। २०८२।३। २४ | ७ जना संस्थालाई अनुदान वितरण | १७५००० | उत्कृष्ट ४० जना उद्यमी मध्ये ७ संस्थालाई कुन मापदण्डको आधारमा रु.२५००० को दरले अनुदान वितरण गरेको हो सो सम्बन्धमा स्पष्ट हुने अवस्था देखिएको छैन । |
| जम्मा | | ६८३१३१ | |

| | |
|---|---|
| अनियमित भएको | ६,८३,१३१ |

४६ **गाउँपालिका चालुतर्फः**

नमुना छनौटको आधारमा परीक्षण गर्दा गाउँपालिका चालु तर्फ देखिएको बेहोरा निम्नानुसार छन्-

४६.१ **पद दर्ताः** स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ७ मा स्थानीय तहले सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र स्थानीय सरकारी सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश किताबखानामा पद दर्ता गराउनु पर्ने ब्यवस्था छ। पालिकाले संगठन तथा ब्यवस्थापन सर्भेक्षण गरी पालिका अन्तर्गत रहने बिभिन्न पदको ९४ दरबन्दी स्वीकृत गरेकोमा प्रदेश किताबखानामा पद दर्ता गरेको पाईएन। प्रदेश निजामती कितावखानाको स्थापना नभएकोले पद दर्ता गर्न नसकिएको पालिकाको भनाई रहेको छ। ऐनमा भएको ब्यवस्था वमोजिम पद दर्ता गरी पदपूर्ती गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६.२ **करार नियुक्तीः** स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १४(१) मा सवारी चालक, नगर प्रहरी, बारुण यन्त्रका कर्मचारी, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाई गर्ने कर्मचारी वा यस्तै प्रकृतिका काम गर्ने अन्य पदमा बाहेक स्थानीय सरकारी सेवाका कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न

नपाईने ब्यवस्था छ। पालिकाले यस वर्ष दरबन्दि करारमा पशुस्वास्थ्य प्राबिधिक १, सव-इन्जिनियर २ , असिस्टेण्ट सव-इन्जिनियर१, ल्याव असिष्टेन्ट १, सहायक चौथो ४ समेत ९ जना करारमा नियुक्ति गरी पारिश्रमिक वापत रु.३९,९७,३८४ गरेको छ । रिक्त पद पदपूर्तीको लागि प्रदेश लोकसेवा आयोगमा माग गरेको पालिकाले जनाएको छ । स्थायी पदपूर्ती गरि कर्मचारी करारमा राख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६.३ **अनुगमन भत्ताः** कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(१) गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनुसूची-१ मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरेबमोजिमको सुविधा पाउने तथा अनुसूची १-(क) मा गाउँपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने उल्लेख छ । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्यलाई मासिक रुपमा अनुगमन गरिएका योजना तथा कार्यक्रमको बिवरण, अनुगमन गर्दा देखिएका अवस्था, सुधार गर्नुपर्ने पक्ष, र आगामी कार्यदिशा सहितको अनुगमन प्रतिवेदन वेगर १४ पदाधिकारीलाई मासिक रु. ५२,०००।- का दरले यस वर्ष रु. ६,२४,००० अनुगमन भत्ता भुक्तानी गरेको पाईयो। ऐनले निर्दिष्ट गरेवमोजिम मासिक रुपमा अनुगमन प्रतिवेदनको आधारमा अनुगमन भत्ता भुक्तानी गर्ने तर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६.४ **पदाधिकारी सुबिधाः** नेपालको संविधानको धारा २७७ मा गाँउ सभा तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । पालिकाले यस वर्ष पदाधिकारीहरुलाई पदाधिकारी सुविधा वापत रु.६५,२०,१४३ भुक्तानी दिएको छ। जुन कुल आन्तरिक आय रु.७३ लाख ६२ हजार ५१० को ८८.55 प्रतिशत हुन्छ ।

सैद्धान्तिक बेरुजु

४६.५ **पदाधिकारी भ्रमणः** कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ मा पदाधिकारी भ्रमण सम्वन्धी ब्यवस्था छ। जसमा अनुसूची १ मा उल्लेख भए वमोजिमको दरमा प्रतिदिनको भ्रमण भत्ता पाउने, सवारी साधन उपलब्ध गराएको अवस्थामा वाहेक यातायात खर्च पाउने, गाउँपालिका अध्यक्ष कामको सिलसिलामा आफ्नो गाउँ क्षेत्र भन्दा बाहिर भ्रमण गर्दा तीन दिनसम्मको भ्रमण आदेश अध्यक्ष स्वयंले स्वीकृत गर्न सक्ने तथा तीन दिन भन्दा बढी दिनको भ्रमण गर्दा भ्रमण आदेश कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने, भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्धेश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गरी भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको बेहोरा सहितको भ्रमण प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्ने ब्यवस्था छ । पालिका अध्यक्ष योजना प्राप्तीको लागि तथा पालिकाको कामको सिलसिलामा काठमाडौ, ईटहरी, धरान लगायतका विभिन्न स्थानमा जाँदा खाना, वसोवास तथा यातायात खर्च वापत रु.१३,३१,१३१ को वील भरपाई संलग्न गरी भ्रमण आदेश स्वीकृत नगरी बिभिन्न डेलिगेसन खर्च भुक्तानी सम्वन्धी भ्रमण प्रतिवेदन राखि गाउँ सभाको मिति २०८२।३।२८ को निर्णयले २०८१।८२ भित्र बिभिन्न कामको सिलसिलामा प्रदेश तथा संघिय मन्त्रालयहरुमा गाउँपालिका अध्यक्ष/ उपाध्यक्षस्तरीय प्रतिनिधमण्डलको आतेजाते लाग्ने होटल तथा वास खर्च वापत कार्यालयवाट भएको भुक्तानी अनुमोदन गरियो भनी निर्णय गरेको देखियो । ऐनमा भएको ब्यवस्था वमोजिम भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण खर्चलाई उदेश्यपरक तथा मितब्ययी वनाउँनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४६.६ **नाफामुलक संस्थालाई ब्यवस्थापन अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमूखि खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजीगत निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम ८८ अनुसार योजना छनौट गर्दा स्थानीय तहको आवद्यिक विकास योजना, वार्षिक विकास योजना र अन्य क्षेत्रगत योजनको प्राथमिकतामा परेको, श्रममा आधारीत रोजगारी सिर्जना गर्ने किसिमका, बढि जनहसभागीता हुने, विपदबाट भएको वा हुन सक्ने क्षतिलाई सम्बोधन गर्ने पूर्व तयारी र जोखीम न्यूनीकरण गर्ने पूर्वाधार सम्बन्धी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । जसवाट नाफाकमाउने उद्देश्यवाट स्थापित संस्थालाई अनुदान तथा सहायता उपलव्ध गराउन मिल्दैन। अनुदान उपलव्ध गराउदा सार्वजनिक रुपमा निशुल्क वा न्यून शुल्कमा सेवा उपलव्ध गराउने सुनिश्चित हुनुपर्दछ । पालिकाले सहकारी बिकास तथा प्रबद्धन कार्यक्रम वजेटमा राखी सहकारी संस्थालाई देहाय वमोजिम ब्यवस्थापन सहयोग न्युन साझेदारीमा रहने गरी सामान खरिद गरी रु.२,१०,९७० भुक्तानी गरेकोमा सो को हस्तान्तरण फारम समेत संलग्न नगरी नाफामुलक संस्थालाई सहयोग उपलव्ध गराएको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं. , मिति | भुक्तानी विवरण | साझेदारी रकम |
|---|---|---|
| ५६८÷२०८२/०३/२१ | सहकारी प्रवर्द्धन कार्यक्रमबाट ल्यापटप भिभोबुक आई ५,१४औ जेनेरेशन १ थान , क्यानन प्रिन्टर २ थान न्यू मनोकामना अटो मोबाइल्स बाट खरिद गरी रु.१,९०,९७० को विजक संलग्न गरी साझेदारी पश्चात भुक्तानी दिएकोमा सो समाग्री कुन सहकारीलाई वितरण गरेको सो उल्लेख नभएको । | १,६०,९७० |
| ४०८÷२०८२।२।२१ | यलम्वर वचत तथा ऋण सहकारी संस्था (यलम्वर वचत तथा ऋण सहकारी संस्था र दलित बिकास कार्यक्रम शीर्षकबाट) कार्यालयमा फल्स सिलिङ लगाउने कामको लागी | ५०,००० |
| | जम्मा | २,१०,९७० |

| | |
|---|---|
| अनियमित भएको | २,१०,९७० |

४६.७ **अनुदानको अनुगमनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । यो बर्ष पालिकाले कार्यविधि निर्माण गरी सो अनुसार साझेदारीमा कृषि तथा पशु कार्यक्रममा अनुदान खर्च लेखेकोमा बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्नुपर्दछ । संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी अनुदानको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।केहि उदाहरण -

| सि.नं. | गो.भौ.नं. | कार्यक्रमको नाम | खर्च रकम रु. |
|---|---|---|---|
| १ | बिभिन्न | महिला विकास बोर्ड मार्फत उपाध्यक्ष आत्मनिर्भर कार्यक्रम अन्तर्गत एक कृषक एक उन्नत जातको गाईको बाछी वितरण कार्यक्रम ३९ वटा | १५,४८,५०० |
| २ | ४७२÷२०८२/०३/०९ | मल्चिङ प्लाष्टिक खरिद तथा वितरण ५० प्रतिशत अनुदान | ४,९९,००० |
| ३ | ४४९÷२०८२/०३/०१ | थोपा सिंचाई तथा प्रविधि विस्तार ५० प्रतिशत अनुदान | २,००,००० |
| ४ | २६९÷२०८१/१२/२१ | प्लाष्टिक टनेल खरिद तथा वितरण ५० प्रतिशत अनुदान | १,९९,९९९ |
| ५ | ३८०÷२०८२/०२/१४ | ईलेक्ट्रोनिक्स स्प्रे खरिद तथा वितरण ५० प्रतिशन अनुदानमा | १,००,००० |
| ६ | ६३६,६४३÷२०८२/०३/२५ | मौरी पालन कार्यक्रम ५० प्रतिशत अनुदान | १,९१,४०३ |
| ७ | ३१२÷२०८२/०१/०५ | मल्चिङ प्लाष्टिक खरिद तथा वितरण ५० प्रतिशत अनुदान | १२,४०,७९५ |
| ८ | ३५४÷ २०८२/०१/२३ | इलेक्ट्रोनिक्स सप्रेयर र प्लाष्टिक पोखरी | ३,४९,८३९ |
| ९ | ४४९÷२०८२।३।१ | वडा नं ६ र पालिकाको कृषि कार्यक्रम कृषि सामाग्री खरिद तथा वितरण(५० प्रतिशत अनुदान) | ६८,००० |
| १० | ६३१÷ २०८२/०३/२५ | प्लाष्टिक पोखरी खरिद तथा वितरण(५० प्रतिशत अनुदान) | ३२,००० |
| ११ | बिभिन्न | कृषि सामाग्री खरिद तथा वितरण (५० प्रतिशत अनुदान) प्लाष्टिक पोखरी मिनि ट्रिलर इलेक्ट्रोनिक्स स्प्रे | ४,७२,४९१ |

सैद्धान्तिक बेरुजु

४६.८ **पशु औषधीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले गो.भौ.नं. १४४।२०८१-१०-०२ बाट रु.५,४५,१६२ को पशु औषधी खरिद गरेकोमा गत वर्षको मौज्दात, खरिद भएका औषधी, बिरामी पशुपन्छीको प्रवृत्ती अनुसारको उपचार भई सिफारिस गरिएको औषधीको परिमाण अनुसारको बितरण परिमाण देखिने गरी रजिष्टर र उक्त सेवा प्रवाहको रजिष्टर अनुसारको खर्च परिमाण र वाँकी मौज्दात देखिने गरी बिवरण अद्यावधिक गरेको पाईएन। आवश्यकता अनुसारको खरिद, उपयोग र मौज्दातको परिमाण देखिने गरी अभिलेख ब्यवस्थित गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४६.९ **वितरणमुखी कार्यक्रमः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम बनाउँदा उत्पादनमुखी पूँजीगत कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्नुपर्नेमा वितरणमुखी कार्यक्रम गरेको छ । वितरणको मापदण्ड एवम् कार्यविधि वेगर यस्तो कार्यक्रममा खर्च गर्दा वास्तविक लाभग्राहि समावेश नहुने एवम् सुविधा पाइसकेका लाभग्राहि दोहरिने सम्भावना हुन्छ। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ । केही उदाहरण -

| सि.नं. | कार्य विवरण | **भुक्तानी रकम** |
|---|---|---|
| **१** | दलित समुदायलाई परम्परागत बाजा खरिद तथा वितरण | ५,००,००० |
| **२** | खेल कुद सामग्री खरिद तथा वितरण | १,८६,२३५ |
| **३** | रातो भाले तथा पोथीदिने अण्डा वितरण कार्यक्रम | १,४४,८५० |
| **४** | विद्यार्थी पोशाक वितरण कार्यक्रम | ३,९६,३५६ |
| **५** | खेलकुद सामाग्री वितरण | ७०,००० |

सैद्धान्तिक बेरुजु

४६.१० **भ्रमण प्रयोजनः** भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने तथा दफा १८ मा पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बीलको साथमा आवश्यक बील भरपाईको संलग्न गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण खर्च वापत विभिन्न गो.भौ.बाट रु.३०,७०,३६४ भुक्तानी गरेकोमा भ्रमणको उदेश्य नखुलाई कार्यालय प्रयोजन मात्र उल्लेख गरेर भ्रमण पश्चात भ्रमण प्रतिवेदन वेगर समेत भ्रमण खर्च लेखेको पाईयो। उदेश्य नखुलाई कार्यालय प्रयोजन मात्र उल्लेख गरी विभिन्न समयमा पदाधिकारी र कर्मचारीको भ्रमण आदेश स्वीकृत गरी भ्रमण खर्च लेखेकोले उदेश्यपरक कामको भ्रमण भएको सुनिश्चित हुन सकिएन । नियमावलीमा भएको व्यवस्थाको पालना गरी भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले भ्रमण खर्चलाई उदेश्यपरक तथा मितब्ययी वनाउँनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४६.११ **कार्यालय तथा मसलन्द सामाग्री खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने साथै नियमावली, २०६४ को नियम ८५ अनुसार १० लाख सम्मको सोझै, नियम ८४ अनुसार २० लाख सम्म सिलवन्दी दरभाउ र नियम ३१ अनुसार बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने ब्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न गो.भौ.नं.बाट रु.२६,४९,४२१ को कार्यालय तथा मसलन्द सामाग्री खरिद भएकोमा दररेट माग गरी सोझै खरिद प्रकृयाबाट खरिद भएको अवस्था छ । सोझै खरिद गर्ने प्रकृयामा नियन्त्रण गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्ने व्यवस्थाको पालना गर्नुपर्दछ । सोझै खरिद बिधिवाट कार्यालय तथा मसलन्द सामाग्री खरिद गरेको केही उदाहरण -

| गो.भौ.नं. | खर्च शीर्षक | आपूर्तीकर्ता | रकम |
|---|---|---|---|
| ९÷२०८१।६।१३ | मसलन्द तथा कार्यालय सामाग्री | न्यु रेशु किराना एण्ड स्टेशनरी पसल | ९५,२२५ |
| १६५÷२०८१।१०।२८ | मसलन्द तथा कार्यालय सामाग्री | पि.सि. वल्ड सेन्टर | १,२१,२४९ |
| ६५५÷२०८२।३।२५ | मसलन्द तथा कार्यालय सामाग्री | डेकोर साईन प्रा.ली.(फ्लेक्स ब्यानर ,कार्यालय वोर्ड, सम्मान पत्र तयारी ) | ३,६७,२५० |
| ५९०÷२०८२।३।२३ | मसलन्द तथा कार्यालय सामाग्री | न्यु रेशु किराना एण्ड स्टेशनरी पसल | ९८,८४१ |
| ५१२÷२०८२।३।१३ | मसलन्द तथा कार्यालय सामाग्री | न्यु रेशु किराना एण्ड स्टेशनरी पसल | ९९,६४३ |
| ४७८÷२०८२।३।१० | मसलन्द तथा कार्यालय सामाग्री | श्री उ सप्लायर्स तथा मनि ट्रान्फर | १,१२,७२६ |
| ४०५÷२०८२।२।२० | मसलन्द तथा कार्यालय सामाग्री | पि.सि. वल्र्ड सेन्टर( माउस, किवोर्ड,हार्ड डिक्स लगायत | १,३४,९७८ |
| ३८८÷२०८२।२।१८ | मसलन्द तथा कार्यालय सामाग्री | न्यु रेशु किराना एण्ड स्टेशनरी पसल(कार्टेज, ईन्डक्स फाईल, डटपेन, लगायत) | ९९,६७१ |
| २८६÷२०८१।१२।२२ | मसलन्द तथा कार्यालय सामाग्री | न्यु रेशु किराना एण्ड स्टेशनरी पसल(कार्टेज, ईन्डक्स फाईल, डटपेन, लगायत) | ९९,६६० |

सैद्धान्तिक बेरुजु

४६.१२ **मालसामानको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ। कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।देहायका मालसामान खरिद गरी सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः

| गो.भौ.नं.।मिति | मालसामानको नाम | बिक्रेता | भुक्तानी रकम |
|---|---|---|---|
| ४०५।२०८२-०२-२० | मसलन्द तथा कार्यालय सामाग्री | पि.सि.वर्ल्ड सेन्टर | १,३४,९७८ |
| १६५।२०८१-१०-२८ | मसलन्द तथा कार्यालय सामाग्री | पि.सि.वर्ल्ड सेन्टर | १,२१,२४९ |
| ६५५।२०८२-०३-२५ | मसलन्द तथा कार्यालय सामाग्री | डेकोर सिंह प्रा.लि. | ३,६७,३५० |
| १७४।२०८२-०३-२० | स्यानिटरी प्याड | अंकुर डाईग्नोष्टिक तथा सर्जिकल केन्द्र | ७,३८,९९६ |

४६.१३ **खेलकूद कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । खेल पुर्वाधार ब्यवस्थापन, खेल प्रतियोगितामा सहभागी खेलाडी, निर्णायक, ब्यवस्थापक, प्रशिक्षक छनौटको आधार, सहभागीहरुको खाना, वसोवास तथा यातायात खर्च ब्यवस्थापन, पुरस्कार राशी, खेलपोशाक तथा खेलसामाग्री ब्यवस्थापन लगायत खेल संचालन सम्बन्धी मापदण्ड वेगर पालिकाले यस वर्ष पुरुष तथा महिला फुटवल प्रतियोगिता, पौवादुङमा गोल्डकप ,वडास्तरिय खेलकुद प्रतियोगिता लगायत खेलकूद कार्यक्रममा खाना, वसोवास, यातायात खर्च खेल पुर्वाधार मर्मत, खेलपोशाक तथा खेलसामाग्री खरिद ,पुरस्कार बितरण लगायतका शीर्षकमा पालिका स्वयम तथा खेल आयोजक मार्फत खेलकुद कार्यक्रम सञ्चालन गरी देहायवमोजिम रु.३०,७६,८३५ खर्च गरेको छ। पालिकाले खेलकूद कार्यक्रम खर्चलाई ब्यवस्थित गर्न खेल सञ्चालन सम्बन्धी मापदण्ड तयार गरी राष्ट्रियस्तरका खेलाडीका रुपमा योगदान हुने तवरले खेलकूद कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

| गो.भौ.नं. | विवरण | भक्तानी रकम रु. |
|---|---|---|
| ४४÷२०८१।७।११ | पौवादुङ्मा गोल्डकप तथा बृहत साँकृतिक मेला खेल प्रशिक्षक दिपक आले पारिश्रमिक | २४,२०० |
| ५५÷२०८१।८।६ | खेलकुद तथा मनोरञ्जन उ.स. वडास्तरिय खेलकुद प्रतियोगिता वडा नं. ३ | १,५०,००० |
| ५७÷२०८१।८।६ | ४ नं. वडा स्तरिय खेलकुद समिति सचिव ईन्द्र कुमार प्रधान भुक्तानी | १,००,००० |
| ६२÷२०८१।८।७ | १ नं. वडा स्तरिय खेलकुद समिति अध्यक्ष मिलन राई भुक्तानी पुरुष तथा महिला फुटवल प्रतियोगिता | १,००,००० |
| ६४१÷२०८२।३।२५ | खेलकुद सामाग्री खरिद तथा बितरण ( १५ थान खेलाडी पोशाक तथा १ थान ब्याडमिन्टन कर्क | ५०,००० |
| ६२७÷२०८२।३।२५ | खेलकूद कार्यक्रम स्वास्थ्य परिक्षण | ३२,००० |
| ५५२÷२०८२।३।२० | मुख्यमन्त्री राष्ट्रिय भलिवल प्रतियोगिता जिल्ला भलिवल संघ खाना खाजा वील | १,००,००० |
| ५०४÷२०८२।३।१२ | पौवादुङ्मा गोल्डकप तथा वृहत साँस्कृतिक मेला | २४,२०० |
| ३९९÷२०८२।२।२० | खेलकुद सामाग्री खरिद( खेलकुद सामाग्री खरिद तथा बिबिध उपभोक्ता समिति वडा नं. ६( खेल पोशाक तथा खेल सामाग्री खरिद गरी तथा बितरण) | १,५०,००० |
| ३७३÷२०८२।२।११ | खेलकुद सामाग्री बितरण वडा सचिव सुदिपकुमार खड्कालाई भुक्तानी वडा नं. ५( खेल पोशाक तथा खेल सामाग्री खरिद गरी तथा बितरण) | ७०,००० |
| ३०८÷२०८२।१।४ | खेल पोशाक खरिद( पौवादुङ्मा खेलकुद बिकास उ.स.लाई हस्तान्तरण) | ५२,५४५ |
| २५०÷२०८१।१२।१३ | खेलकूद कार्यक्रम( सानोदुम्मा मा. बि खेलकूद | ६०,००० |
| २७५÷२०८१।१२।२१ | पौवादुङ्मा खेलकुद बिकास समिति पौवादुङ्मा रंगशाला मर्मत ,खेल सामाग्री खरिद | ३,९३,८९० |
| | पौवादुङ्मा गोल्डकप फुटवल प्रतियोगिता तथा वृहत माघी मेलाः | |
| (प्रदेश चालु) ८÷२०८२।३।१९ | पौवादुङ्मा खेलकुद बिकास समिति | ७,००,००० |
| ५४७÷२०८२।३।१९ | पौवादुङ्मा गोल्डकप तथा वृहत साँस्कृतिक मेला (खेल प्रशिक्षक पारिश्रमिक( पौवादुङ्मा खेलकुद बिकास समिति) | १०,७०,००० |
| | जम्मा | ३०,७६,८३५ |

सैद्धान्तिक बेरुजु

४६.१४ **पौवादुङ्मा गोल्डकप फुटवल प्रतियोगिता तथा वृहत माघी मेलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पौवादुङ्मा गोल्डकप फुटवल प्रतियोगिता तथा वृहत माघी मेला पौवादुङ्मा खेलकुद बिकास समिति र गाउँपालिकावीच २०८१ पौष २५ मा मिति २०८१ माघ १ देखि १० सम्म गर्ने गरी सम्झौता भएकोमा सम्झौतामा लागत साझेदारीमा बेहोर्ने रकम उल्लेख नभएको, सम्झौताको वुदाँ नं. ९ मा प्रदेश ,पालिका र खेलकद बिकास समितिवीच त्रीपक्षीय साझेदारीमा कार्यक्रम सञ्चालन गरिने, प्रदेश खेलकुद बिकास वोर्डवाट १५ लाख दिने मौखिक प्रतिवद्धता भए वमोजिम प्राप्त नभएमा दायित्व साझेदारी सारिने उल्लेख भएको, गाउँपालिका खेलकुद बिकास समिति पौवादुङ्माले गाउँपालिकावाट रु. १२,००,००० कोशी प्रदेशले रु.१२,००,००० खेलप्रेमीवाट

रु.१३,६५,००० गरी जम्मा रु.३७,६५,००० आम्दानी श्रोतहुने तथा रु. ३७,६५,००० खर्च लाग्ने गरी पेश गरेको प्रस्ताव गाउँपालिकावाट स्वीकृत भएको देखियो । पौवादुङमा खेलकुद बिकास समितिले पेश गरेको आयब्य बिबरणमा मेला, सहयोग संकलन र स्टलहरुवाट जम्मा आम्दानी रु.६,८८,४४२ भएको उल्लेख भएता पनि छापिएको टिकट, टिकट बिक्री ,टिकट दर, भाडामा लागेको स्टलको बिबरण, स्टल भाडा दर ,मेलाको लागी छापिएको आम्दानी रसिद र काटिएको रसिदको बिबरण ,मेला तथा गोल्डकप प्रबेश शुल्क , खेल प्रतियोगिता खेलकुद टीम दर्ता तथा सहभागी शुल्क लगायतका आम्दानी अभिलेखाङ्कन संलग्न नगरेकोले उक्त बिबरणमा पेश भएको आम्दानी यथार्थमा संकलन भएको भनी आश्वस्त हुन सकिएन। त्यसै गरी ब्यय तर्फ बिल भरपाई परिक्षण गर्दा रु. २४,९६,१२८।÷ को वील भरपाई संलग्न रहेको तथा बिजेता र उपबिजेता पुरस्कार तथा कलाकारले पारिश्रमिकको बुझिलिएको भरपाई संलग्न नरहेको, इन्धनको वील काफ्ले सप्लायर्स प्रा.ली. र वज्राचार्य सप्लायर्सको रहेकोमा खेल भएको मिति भन्दा करिब साठे चार महिना पछि २०८२ वैशाख ३१ जेठ १७ र जेठ २० को रहेको, छपाई तथा प्रचार प्रसार खर्चको वील भरपाई रु.२,७१,६०० रहेकोमा रु.३,४९,१००।÷ देखाईएको, खेलाडि ब्यवस्थापन खर्च वापतको वील भरपाई रु.२,९८,८४० रहेकोमा रु.५,१५,८४० देखाईएको पाईयो । सम्झौतामा स्पष्ट रुपमा लागत साझेदारीको अंश उल्लेख नगरीएको, खर्च भएकोमा विभिन्न टुक्रा खर्च लेखि प्यान वीलको प्रयोग गरिएको,संलग्न वील भरपाई भन्दा वढी खर्च देखाईएको, तथा २०८१ माघमा भएको खेलको २०८२ जेष्ठ महिनाको वील भरपाई संलग्न भएको, पुरस्कार तथा कलाकारले पारिश्रमिक वुझिलिएको भरपाई संलग्न नरहेकोले यथार्थ खर्च यकिन गर्न सकिएन । यस कार्यक्रममा भएको आम्दानी तथा खर्चको सम्वन्धमा पालिकाले ययार्थ यकिन गर्नुपर्दछ। यस वर्षको वजेटमा पौवादुङमा गोल्डकप तथा वृहत माघी मेला शीर्षकमा रु.१७,००,००० बिनियोजन गरेकोमा प्रदेश सरकार र पालिकावाट क्रमश रु. १२लाख , १२ लाख गरी रु.२४ लाख बेहोर्ने गरी पेश गरेको प्रस्ताव स्वीकृत गरेको उपयुक्त देखिएन । यस कार्यक्रमको लागी यस वर्ष प्रदेश चा,लु. गो.भौ.नं. ८÷२०८२।३।१९ वाट रु. ७,००,०००।÷ पालिका चालु गो.भौ.नं.५४७÷२०८२।३।१९ वाट रु.१०,७०,००० पौवादुङमा खेलकुद बिकास समितिलाई भुक्तानी गरेको छ। खेलकुद प्रतियोगिता तथा महोत्सव कार्यक्रम आयोजना गर्दा मापदण्ड तर्जुमा गरि बिनियोजित वजेटलाई ध्यानमा राखेर कार्यक्रम अयोजनावाट हुने आम्दानीको श्रोत समेतलाई मध्यनजर गरी पालिकाको साझेदारीवाट हुने खर्चमा मितब्ययीता ,पारदर्शिता तथा यथार्थपरकता हुने गरी कार्यक्रम ब्यवस्थापन तथा सञ्चालन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

४६.१५ **इन्धन खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को दफा ७८ वमोजिम महालेखानियन्त्रक कार्यालयले २०७७ श्रावण देखि आफ्नो स्वामित्वमा रहेको लेखाङ्कन,प्रतिवेदन,उपयोग र संरक्षण गर्ने प्रयोजनको लागी सरकारी निकायहरुमा सार्वजनिक सम्पत्ती ब्यवस्थापन प्रणाली (PAMS) लागु गरी सोही अनुसार जिन्सी लेखाङ्कन गर्नुपर्नेमा ब्यवस्था छ । पालिकाले यस वर्ष इन्धन (पदाधिकारी) रु. १० लाख ९९ हजार, इन्धन कार्यालय प्रयोजन रु.२० लाख र इन्धन अन्य प्रयोजन रु.६ लाख ७१ हजार समेत रु. ३७ लाख ३७ हजार इन्धन खर्च गरेको छ । तोकिए वमोजिमको (PAMS, V2) मा लेखाङ्कन गरी जिन्सी अभिलेखलाई ब्यवस्थीत गर्नुपर्दछ।पालिकाले सृजना किराना पसल इन्धन खरिद गरेको वील संलग्न गरेकोमा पेट्रोलियम पदार्थ बिक्रि बितरणको आधिकारिकता प्राप्त गरे नगरेको प्रमाण संलग्न भएको देखिएन। पेट्रोलियम पदार्थ बिक्रि बितरणको न्युनतम मापदण्ड पुरा गरी बिक्रि बितरण गर्न अनुमती प्राप्त आधिकारीक बिक्रेताबाट इन्धन खरिद गर्नुपर्दछ।पाम्समा जिन्सी लेखाङ्कन नगरेको इन्धन खरिदका केही उदाहरण-

| भौ.नं. | बिबरण | रकम रु. |
|---|---|---|
| ५८÷२०८१।८।६ | सृजना किराना पसल | २,०८,८४८ |
| १२३÷२०८१।९।२३ | सृजना किराना पसल | १,१२,५४० |
| ६१०,६०८÷२०८२।३।२४ | सृजना किराना पसल( कृषि एम्वुलेन्स प्रयोजन) | १,९२,७२० |
| २८५,२८६÷२०८१।१२।२२ | सृजना किराना पसल | २,६६,८४० |

सैद्धान्तिक बेरुजु

४६.१६ **गोबर ग्याँस प्लान्ट निर्माणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. ५३८÷२०८२।३।१८ बाट गोबर ग्याँस प्लान्ट निर्माण सहयोग कार्यक्रम अन्तर्गत देहायवमोजिम सिमेन्ट खरिद गरेको बिल संलग्न गरेकोमा छनौट भएका कृषकहरुको गोठ निर्माण तथा सुधार कार्यमा सिमेन्टको प्रयोग सुनिश्चितता हुनुपर्दछ ।

| लाभग्राहीको नाम | खरिद | रकम रु. |
|---|---|---|
| तारा तामाङ | १५ वोरा सिमेन्ट खरिद वील ( ढुवानी थप) | १५,००० |
| पुष्पा कटुवाल कार्की | १८ वोरा | १५,००० |
| सम्झना राई | १८ वोरा | १५,००० |
| सुरेन्द्र खड्का | १८ वोरा | १५,००० |
| सर्मिला राई | १८ वोरा | १५,००० |
| | जम्मा | ७५,००० |

| सैद्धान्तिक बेरुजु |
|---|

४६.१७ **पाईप खरिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । गो.भौ.नं. ५६७।२०८२।३।२१ बाट श्री सिद्धकाली इन्टरप्राइजेजबाट देहायवमोजिम बिभिन्न साईजका ३७८० मिटर पाईप रु.४,५२,४५३ मा खरिद गरी कृषकहरुलाई बितरण नगरी मौज्दात रहेको देखिन्छ। खरिद भएको उक्त पाईप आवश्कता अनुसार बितरण गरी प्रयोग तथा जडान भएको प्राबधिक मुल्याङ्कन र नापीकिताब पेश गर्नुपर्ने रु.

| किसिम | परिमाण(मिटर) | दर | रकम |
|---|---|---|---|
| पिएन १०, ७५ एम एम | ६० | ४६० | २७,६०० |
| पिएन १०, ६३ एम एम | ६० | ३२४.३१ | १९,४५८ |
| पिएन १०, ५० एम एम | ६० | २०४.५३ | १२,२७१ |
| पिएन १०, ४० एम एम | २००० | १३२.२१ | २,६४,४२० |
| पिएन १०, ३२ एम एम | १२०० | ८६.१६ | १,०३,३९२ |
| पिएन १२.५, २५ एम एम | ४०० | ६३.२८ | २५,३१२ |
| | | जम्मा | ४,५२,४५३ |

| प्रमाण पेश नगरेको | ४,५२,४५३ |
|---|---|

४७ **एडभान्स सिप विकास तथा प्रविधि हस्तान्तरणः**

४७.१ **लाभग्राही छनौटको आधारः** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका, २०७७ को दफा २१(२) मा सम्भाव्य उद्यमी पहिचान गर्दा कार्यक्रमको उदेश्य बमोजिम अति गरिब, पिछडिएका महिला, आदिवासी जनजाति, दलित, अपाङग, सीमान्तकृत

तथा सुविधाविहिन समूहको अनुपातलाई ध्यान दिइ लघु उद्यमीको छनौट गर्ने कानुनी व्यवस्था छ । तर स्पष्ट मापदण्ड तथा कानुनी आधार विश्लेषण विना प्रदान गरिएको अनुदानबाट कार्यविधिले अपेक्षा गरेको नतिजा प्राप्त भए नभएको लेखाजोखा गरिनुपर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४७.२ **प्रमाण पेशः** गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिका, २०७७ मा एडभान्स सिप विकास तथा पुनर्ताजगि तालिममा आधारभुत तालिम लिईसकेका लाभग्राहीहरुको स्तरोन्नतिमा मात्र खर्च गर्ने कानुनी व्यवस्था छ । तर पालिकाले एडभान्स सिप विकास तालिमको लागि विनियोजित गरेको बजेट रकमबाट देहायको लाभग्राहीहरुको तालिममा विनियोजित बजेटबाट रु. २२१५०० तथा प्रविधि हस्तान्तरणमा बिनियोजित बजेट बाट रु.१४०००० गरी कुल रु ३६१५०० भौ नं ९५।२०८२।१।५ बाट भुक्तानी गरेको छ । पालिकाले लाभग्राहीहरुसँग गरेको सम्झौता बमोजिम कुल प्रविधि हस्तान्तरण लागतको ७५ प्रतिशत मात्र भुक्तानी गर्नुपर्नेमा सो भन्दा बढी हुने गरी गरिएको भुक्तानीबाट सामाग्री खरिद भए नभएको सुनिश्चित हुने प्रमाण पेश गर्नुपर्दछ ।

| **लाभग्राही समूह** | **मिनिटिलरको संख्या** | **दर** | **कुल लागत** |
|---|---|---|---|
| शिद्धकालि कफि उत्पादन समुह | ४ | ५८००० | २३२००० |
| वस्तिम कफि उत्पादन लघु समुह | २ | ५८००० | ११६००० |
| पन्चकन्या कफी उत्पादन लघु समुह | १ | ५८००० | ५८००० |
| नवराज कृषि तथा पशुपालन फर्म | १ | ५८००० | ५८००० |
| कुल खरिद लागत | | | ४६४००० |
| भुक्तानी भएको रकम | | | ३६१५०० |
| ७५ प्रतिशतले हुनुपर्ने सहभागिता | | | ३४८००० |
| बढी सहभागिता | | | १३५०० |

| असुल गर्नुपर्ने | १३,५०० |
|---|---|

४८ **पशुपंक्षी खोप अभियानः**

भौ नं १३।२०८२।१।३१ बाट पशुपंक्षी खोपको लागि लजिस्टिक तथा पारिश्रमिकमा रु २९९७५० खर्च भएको छ । यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

- **भ्याक्सिनेटरको छनौटः** पालिकाले यो कार्यक्रमको लागि छनौट गरेको भ्याक्सिनेटरको छनौट गरिने मापदण्ड सम्बन्धी व्यहोरा उल्लेख गरिएको देखिएन । यो कार्यक्रम संचालनको लागि विभिन्न ५ वडामा काम गर्ने गरी ८ जना भ्याक्सिनेटरको छनौट गरी विभिन्न ५ वडामा रहेको बाख्रा, गाई भैंसी, बंगुर तथा कुकुर जस्तो पशुहरुमा भ्याक्सिन लगाएको संख्याको आधारमा सो सम्बन्धमा प्राप्त वडाको सिफारिसको आधारमा निजहरुलाई भुक्तानी दिएको देखियो । यसरी वडाबाट एकमुष्टरुपमा संख्या उल्लेख गरी दिएको सिफारिसको आधारमा भएको खर्चमा विश्वनियता काम भएन ।
- **भ्याक्सिनको अभिलेखः** विभिन्न पशुहरुलाई भ्याक्सिन लगाएको भनि विभिन्न भ्याक्सिनेटरहरुलाई निजले भ्याक्सिन लगाएको संख्याको आधारमा पारिश्रमिक भत्ता भुक्तानी गरेतापनि निजहरुले यो कार्यक्रम संचालनको लागि के कति भ्याक्सिन कहाँबाट प्राप्त गरे ति मध्ये के कति भ्याक्सिनहरु खपत भई के कति भ्याक्सिनहरु बाँकी रहेको अभिलेख अद्ययावधिक राखेको देखिएन । तसर्थ निजले गरेको खर्चमा विश्वनियता कामय भएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

४९ **तलब भुक्तानीः**

गाउँपालिकाको मिति २०८२।२।२७ गते च.न. ९०२।२०८१।८२ को निर्णय बमोजिम देहायबमोजिमको कर्मचारीहरुलाई बेतलबी रहने गरी निजहरुको अध्ययन विदाको स्वीकृति दिएको देखियो । निज कर्मचारीहरु सम्मनित श्री उच्च अदालत बिराटनगर धनकुटा इजलासमा अध्ययन विदामा रहँदा सम्म कार्यापालिकाको निर्णय विरुद्ध निवेदन (०८१-WO-००३७) तथा (०८१-WO-००३८) दर्ता गरेको हुँदा उपरोक्त निवेदन उपर सम्मानित अदालतले मिति २०८२।०३।९ गते अन्तिम निर्णय हुँदा ठहरेबमोजिम हुने गरी निवेदकहरुले खाईपाई आएको तलब सुविधा निवेदकलाई पूर्ववतरुपमा दिनु र रोक नलगाउनु पालिकाको उत्प्रेषण युक्त परमादेश उपर आदेश दिएको देखियो। तसर्थ सोही आदेश अनुसार पालिकाले निजहरुलाई देहायबमोजिमको रु. १०३६२४७।५० रकम भुक्तानी गरेको छ ।

| क्र.सं | कर्मचारीको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १. | सुनिता सिवा | ४७४२२२ | २०८१ माघ देखि २०८२ असोज सम्म |
| २. | हेमन्त सुन्दास | ५६२०२५।५० | २०८१ माघ देखि २०८२ असोज सम्म |
| कुल जम्मा | | १०३६२४७।५० | |

सैद्धान्तिक बेरुजु

५० **गरिबसँग विशेश्वर कार्यक्रमः**

५०.१ **वितरणको भरपाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट खरिद गरिएका देहायको सामाग्रीहरु सम्बन्धितलाई वितरण गरी फिल्डमा प्रयोग भएको प्रमाण पेश गर्नुपर्नुपर्दछ ।

| भौ नं | सामाग्रीको विवरण | संख्या | दर | खर्च रकम |
|---|---|---|---|---|
| २०२।२०८२।३।२४ | HDP Tank Heavy extra ३००Ltr | ३६ | ३००० | १०८००० |
| | HDP Tank heavy extra ५०० ltr | २८ | ५००० | १४०००० |
| | HDP Tank Heavy extra ५०० ltr | १८ | ५००० | ९०००० |
| | HDPE pipe २०mm pn१६ | ९०० | ४२५० | ३८२५० |
| | HDPE pipe २०mm pn१६ | १२०० | ४२५० | ५१००० |
| १८४।२०८२।३।२१ | २० mm Pipe PN१६ | ३४४८ मिट | ३८.४९ | १४९९९५ |
| जम्मा | | | | ५७७२४५ |

| प्रमाण पेश नगरेको | ५,७७,२४५ |
|---|---|

५०.२ लक्षित लाभग्राहीः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं.२०८१।८२, च.नं ४१ मिति २०८१।०४।०९ मा जारी गरिबसँग विश्वेश्वर कार्यक्रम सञ्चालन मार्गदर्शनमा यस कार्यक्रमबाट प्राप्त सशर्त अनुदानको रकम बाँडफाँड गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिसमा लक्षित परिवार (विपन्न परिवार) बाट गठन भएका समूह/संस्थाको माग बमोजिम स-साना ग्रामीण पूर्वाधार विकास कार्यक्रम (जस्तै खानेपानी, सिँचाई, कुलो, कुवा/इनार मर्मत, बाटोघाटो, शुलभ शौचालय तथा उत्पादनमुखी र आय आर्जन हुने खालका कार्यक्रम) कार्यान्वयन गर्ने, यसरी छनौट गरी कार्यान्वयन गर्दा यस कार्यक्रमबाट पहिचान गरी समूह संस्थामा आवद्ध भएका लक्षित परिवारहरू र नेपाल सरकारले पहिचान गरी गरिबी घरपरिवार परिचयपत्र प्रदान गरेका घरपरिवारलाई लाभ पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था छ । पालिकाले गरिबसँग विशेश्वर कार्यक्रमको लागि वडाबाट सिफारिस भई आएको व्यक्तिहरुलाई

निजको मागबमोजिमको पुर्वाधार सामाग्री खरिद गरेको भनाई राखेतापनि खरिद गरिएको सामाग्री प्राप्त गर्ने लाभग्राही मार्गदर्शनमा बमोजिम भए नभएको सुनिश्चित हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **मूल्य अभिवृद्धि कर कट्टीः**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम मू.अ.कर रू. २३,२२४ कट्टी नगरी फर्मलाई नै भुक्तानी दिएको हुँदा मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| भौ नं | आपुर्तकको नाम | प्यान नं | भुक्तानी रकम | मु.अ.कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| २००।२०८२।३।२४ | सोनि इलेक्ट्रोनिक्स | | ६,७२,९१५ | ७७,४१५ | २३,२२४ |

| प्रमाण पेश नगरेको | २३,२२४ |
|---|---|

५२ **साझेदारी कार्यक्रमः**

सामाजिक विकास मन्त्रालय कोशी प्रदेश, स्थानीय तह र करुणा फाउन्डेसन नेपालको त्रिपक्षीय लागत साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंग नेपाल, कोशी प्रदेशको प्राविधिक सहयोगमा सञ्चालित “अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम” बाट सामाजिक विकास मन्त्रालयको प.स २०८१।८२, च.नं.१६६, मिति २०८१।६।७ को परिपत्रको अनुसार साझेदार संस्था करुणा फाउण्डेसन नेपालको बहिर्गमन पश्चात मन्त्रालय र स्थानीय तहबाट आन्तरिकीकरण गरी त्रिपक्षीय लागत साझेदारीमा कार्यक्रमलाई निरन्तरता दिइदै आएको सम्झौता अनुरुप उक्त कार्यक्रममा यो बर्ष मन्त्रालय र पालिकाबिच द्विपक्षिय लागत साझेदारीमा गर्ने गरी स्वीकृत भएकोमा कुल बजेट खर्च रु.१५,५२,४७२ मध्ये पालिकाले रु.१२,३९,४७२ अर्थात ७९.८ प्रतिशत र मन्त्रालयबाट रु.३,१३,००० अर्थात २०.१६ प्रतिशत मात्र साझेदारी भएकोमा शुरु सम्झौताको विपरीत भएको देखियो । यसरी पुरानो त्रिपक्षीय सम्झौताको एउटा साझेदार बाहिरिएतापनि उक्त सम्झौताको शर्तअनुसार नै द्विपक्षीय साझेदारबीच लागत व्यहोर्ने गरी निरन्तरता पाएको यस कार्यक्रममा घटी जिम्मेवारी बहन गरेको प्रदेश सरकारबाट सम्झौता अनुसारको बाँकी रकम रु.४,६३,२३६ सोधभर्ना माग गर्न बाँकि देखियो । पुरानो त्रिपक्षीय सम्झौताको एउटा साझेदार बाहिरिएता पनि उक्त सम्झौताको शर्तअनुसार द्विपक्षीय साझेदारबिच लागत बहन गर्ने गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

५३.१ **Dry stone soling कार्यमा भेहिकलको प्रयोगः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार सञ्चालन गरिने आयोजना तथा परियोजनामा बेरोजगार सुचिमा सुचिकृत व्यक्तिहरुलाई प्रचलित कानुन बमोजिम काममा खटाई कामको आधारमा पेश गरेको वास्तविक हाजिरको आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा देहायबमोजिमको केही आयोजनामा Dry stone soling को कार्य गर्दा निर्माण कार्यमा आवश्यक ढुंगाको संकलन ५०० मि सम्मको दुरी औषतमा राखि उक्त ढुँगाको collection, hauling, loading, unloading and stacking मा प्रति घ.मिमा रु.२५८४ को दरले भुक्तानी गरेको छ । तर नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायको उपरोक्त कार्यमा खटिएको गाडिको डोर हाजिरी राखेको देखिएन । यसरी डोर हाजिरी विना कामको मुल्यांकन गरि गरिएको भुक्तानी नियम सम्मत देखिदैन ।

| गो.भौ नं | कामको विवरण | परिमाण | दर प्रति घ.मि | भुक्तानी |
|---|---|---|---|---|
| ८९.२०८२.१.३ तथा १४७.२०८२.३.२ | **Dry stone soling** | | | |
| | Using vehicle for transportation | ३५९.७ घ.मि | २५८४.८५ | ९२९४६४ |
| | Using porter for all complete | ४४ घ.मि | २६३९.६४ | ११६१४४ |
| जम्मा | | | | १०४५६०८ |

| | |
|---|---|
| अनियमित भएको | १०,४५,६०८ |

५३.२ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ६६ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरुले आफ्नो क्षेत्रभित्र नियमित बजेटबाट सञ्चालन गर्ने आयोजनहरु बाहेक रोजगारी सिर्जना गर्न यस कार्यविधिको दफा १९ बोजिम छुट्टै आयोजनाहरुको समेत तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था छ । साथै यस निर्देशिकाको दफा, ६८ अनुसार मन्त्रालयबाट प्राप्त रकम प्रधानमन्त्री रोजगार अन्तर्गत सञ्चालित आयोजनामा खटिएका श्रमिकहरुको पारिश्रमिकमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायबमोजिमको केही आयोजनामा Earthwork in excavation को कार्यलाई मुल्यांकन गर्दा नापि किताबमा चेनेजवाइज स्पष्ट रुपमा उल्लेख नगरी सिधै मुल्यांकन विल तथा कार्यसम्पन्न प्रतिवेदनमा एउटै कार्यलाई soft soil, hard soil, आदिमा विभिन्न प्रतिशतले वर्गिकरण गरी सम्पादीत कार्यको मुल्यांकन गरेको देखियो । यसरी वर्गिकृत soil अनुसारको नापजाँच वेगर भएको भुक्तानी नियमसम्मत देखिदैन ।

| **भौ नं** | **वडा नं/आयोजना** | **कार्यको विवरण** | | | **भुक्तानी** |
|---|---|---|---|---|---|
| | | Earthwork in excavation घनमिटर | | दर | |
| ८८।२०८२।१।१३ तथा १५६। २०८२।३।१० | वडा नं ५ को चौकीबारी घुम्ती तथा झ्याम्टेगैरा | ९८८.६९ | Soft soil(60%)= ५९३.२१<br>Hard soil(40%)= ३९५.४८ | ३३४<br>४००.८० | १९८१३२.१४<br>१५८५०८ |
| 89.2082.1.3 तथा 147.2082.3.28 | वडा नं २ मा सडक मर्मत तथा स्तरोन्नति | ३९७.२४ | Soft soil (50%)= १९८.६४<br>Hard soil(50%)= १९८.६४ | ३४४.०२<br>४१२.८२ | ६८३३६<br>८१९९८ |
| जम्मा | | | | | ५०६९७४ |

| | |
|---|---|
| अनियमित भएको | ५,०६,९७४ |

५३.३

- कार्यक्रमको दिगोपना- स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ ।पालिका अन्तर्गत ६ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष ८० जनालाई औसत ९९.४५ दिनले ७९५६ दिन रोजगारी उपलव्ध गराई रु ५२९९९१२/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

- श्रमिकको छनौटको मापदण्डः प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम श्रममा खटाइने श्रमिक बेरोजगार सुचिमा दर्ता भएको हुनुपर्छ ।दर्ता भएको सुचिकृतहरु मध्ये श्रमिकहरुबाट प्राथमिकताको आधारमा रोजागार दिई निजहरुको जिवनस्तरमा सुधार ल्याउनुपर्छ ।पालिकाको भनाई बमोजिम बेरोजगार सुचिमा १२०९ व्यक्तिहरुको नाम दर्ता भएको छ भन्ने ति मध्ये आ. व २०८१।०८२ मा ८० जना श्रमिक खटाई काम गराएको छ । यसरी श्रमिक छनौट गर्दा निश्चित प्राथमिकताको सुचक केलाई आधार मानियो सो सम्बन्धमा केहि उल्लेख भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

५४ **संस्थागत आम्दानीको अभिलेखः**

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ दफा १५.२ मा प्रसुती गराउने स्वास्थ्य संस्थालाई निश्चित कामको लागि सामान्य प्रसुतीको लागि प्रति प्रसुती वापत रु. २५०० को दरले तथा जटिल प्रकृतिको प्रसुती वापत रु.४००० को दरले इकाइमुल्य प्रदान गर्ने व्यवस्था छ । यसरी स्वास्थ्य संस्थामा प्रसुती गराए वापत इकाइमुल्यको रुपमा प्राप्त गरेको रकम तोकिएको क्षेत्रमा खर्च गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

५५ **फरक शिर्षकः**

आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) मा सम्बन्धित उपशीर्षकमा विनियोजन भएको एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियम ४३ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको शीर्षकमा शर्त तोकि प्राप्त गरेको रकम त्यही प्रयोजनमा खर्च गर्नुपर्नेमा मसलन्द तथा सामाग्री शीर्षकमा गरेको खर्च मनासिब देखिएन ।

| **भौ नं** | **खर्च लेख्नुपर्ने शीर्षक** | **खर्च लेखिएको** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|
| २२०।२०८२।३।२५ | पदाधिकारी भ्रमण | स्वास्थ्य स्थायी कर्मचारी तलब, महंगी भत्ता तथा पोसाक | २,१२,५०० | वडाअध्यक्षहरुलाई भ्रमण भत्ता |
| १५४।२०८२।३।१० | मर्मत तथा मेसिनरी | मातृ तथा नवशिशु कार्यक्रम | ९४,९२० | मर्मत सम्बन्धी खरिद |
| १५२।२०८२।३।९ | कार्यालय सामाग्री तथा मसलन्द | स्वास्थ्य स्थायी कर्मचारी तलब, महंगी भत्ता तथा पोसाक | २,५२,९०० | कार्यालय सामाग्री |
| १५३।२०८२।३।९ | कार्यालय सामाग्री तथा मसलन्द | नयाँ लघु उद्यम सिर्जना | १,७१,२०९ | कार्यालय सामाग्री |
| ९५।२०८२।१।५ | प्रविधि हस्तान्तरण | एडभान्स सिप विकास तालिम | २,२१,५०० | मेसिनरी खरिद |
| जम्मा | | | ९,५३,०२९ | |

सैद्धान्तिक बेरुजु

५६ **औषधीको अभिलेखः**

स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२, चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली ELMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना अषाढसम्म म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V२ मा

Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V२ मा औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अद्यावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अद्यावधिक गरेको देखिएन ।यसरी अभिलेख अद्यावद्यिक नहुँदा मौज्दातको अवस्था समेत यकिन गर्न सकिएन । पालिकाले यस प्रणालीको सिर्जना गरी औषधी तथा औषधीजन्य सामाग्रीहरु अभिलेख चुस्त दुरुस्त राख्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

५७ **स्वास्थ्य स्वयंमसेविकाको अभिलेखः**

स्थानीय तहबाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलाप सञ्चालन सम्बन्धी मार्गदर्शन २०८१।८२ मा महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका सहितको विवरण FCHV मा अनिवार्य प्रविष्टी गरी सो बमोजिम हुन आउने रकम खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले प्रदान गरेको विवरण अनुसार ५४ जना महिला स्वास्थ्य स्वयंसेविकालाई जनही रु.१२,००० को दरले यातायात तथा रु. १०,००० को दरले पोशाक भत्ता दिएको देखिन्छ । तर स्वास्थ्य व्यवस्थापन प्रणाली Active FCHV ५२ जना मात्र दर्ता रहेको छ भने २ जना Inactive रहेको जानकारी सम्बन्धित शाखाले दिएको छ । तसर्थ प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम सबै स्वास्थ्य स्वंयमसेविकालाई उक्त प्रणालीमा आवद्ध गरेपछि मात्र भुक्तानी दिने व्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **औषधि खरिदः**

पालिकाले देहायबमोजिमको आपुर्तकहरुसँग कुल रु. ११५८८४५ को लागतमा कोटेसन मार्फत औषधी तथा औषधीजन्य सामाग्रीहरुको खरिद गरेको देखियो । कोटेसन मार्फत खरिद कार्य गर्दा आपुर्तकहरुसँग निश्चित प्रतिशत छुट सहित सम्झौता गर्नुपर्नेमा सो अनुरुप गरेको देखिएन ।यसबाट खरिद कार्यमा मितव्ययिता स्थापित भएको देखिएन । यस सम्बन्धी देखिएका थप व्यहोरा देहायबमोजिम छनः

| **भौ नं** | **बजेट उपशिर्षक** | **आपुर्तक** | **खरिद रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १२६।२०८२।२।२८ | सशर्त चालु | रिद्धिसिद्धि मर्डिटेक | ८६००० | औषधिको उत्पादन मिति, व्याच नं र म्याद सम्बन्धी विवरण खुल्ने मुचुल्का उठाइएको देखिएन |
| ४८।२०८१।९।२५ | सशर्त चालु | केवलेश्वर मेडि सेल्स | ६३९६८० | औषधिको उत्पादन मिति, व्याच नं र म्याद सम्बन्धी विवरण खुल्ने मुचुल्का उठाइएको देखिएन |
| १२२।२०८२।३।१८ | सशर्त चालु | केवलेश्रव मेडि सेल्स | ४३३१६५ | औषधिको उत्पादन मिति, व्याच नं र म्याद सम्बन्धी विवरण खुल्ने मुचुल्का उठाइएको देखिएन |
| जम्मा | | | ११५८८४५ | |

- चालु आर्थिक वर्षमा औषधीको प्रयोग र मौज्दातको अवस्था के कस्तो छ सो सम्बन्धमा यकिन भएन । पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति-व्यवस्थापन गर्नु पर्दछ । तर सो अनुसार पालिकाले व्यवस्थापन गरेको देखिदैन ।साथै खरिद गरिएका उपरोक्त औषधी कुन कम्पनीबाट उत्पादन भएको हो सो समेत खुलेको देखिएन । आपूर्ति हुने औषधि डब्लु.एच.ओ सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, व्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको अवस्था देखियो ।औषधिको खर्च घटाउँदा मागफाराको आधारमा घटाउनुपर्नेमा एकमुष्ट घटाउने गरेको देखिन्छ ।तसर्थ औषधिको खरिद, आपूर्ति दाखिला तथा खर्चको विवरण अधावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **न्यानो झोलाः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी परिपत्र अनुसार आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि स्वास्थ्य संस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेको ४ वटा बर्थिङ सेन्टरको लागि आ.व २०८०।०८१ मा खरिद, वितरण र मौज्दात भएको न्यानो झोलाको विवरण प्राप्त भएन । यो बर्ष कोटेशन मार्फत कुल रु.७९,९९९ ( मु.अ.कर समेत) मा १०० थान न्यानो झोला खरिद भएकोमा प्रसुती भएका ७३ जना महिलालाई न्यानो झोला वितरण गरी बाँकि २७ थान स्टोरमै रहेको जानकारी पालिकाले दिएको छ। यसरी प्रत्येक वर्षको अन्त्यमा खपत नभई बाँकी रहेको संख्यालाई नयाँ आर्थिक वर्षमा आम्दानी जनाई अध्यावधिक विवरणको अभिलेख राख्नुपर्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६० **शिक्षातर्फ-**

६०.१ **विद्यालयको अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६०.२ **शैक्षिक प्रतिवेदन-** अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका बालबालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका बालबालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६०.३ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसँग रहेको देखिएन। पालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

६०.४ **शिक्षक दरबन्दी र पदपूर्तिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत २६ वटा बाल विकास केन्द्र, २४ वटा प्राथमिक विद्यालय, २ वटा निम्न माध्यमिक विद्यालय र ६ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका ३२ विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

| तह | दरबन्दी संख्या | पदपूर्ति | | | | | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | अनुदान | जम्मा | २०८१ | |
| प्राथमिक शिक्षक | १०९ | ७८ | १९ | १२ | ० | १०९ | १३५३ | १०:१ |
| निम्न माध्यमिक शिक्षक | २७ | ११ | १५ | १ | ० | २७ | ६९२ | २६:१ |
| माध्यमिक शिक्षक | २२ | १३ | २ | १ | ६ | २२ | ४२४ | १९:१ |
| उच्च माध्यमिक शिक्षक | ६ | ० | ४ | २ | ० | ६ | २३५ | ३९:१ |
| प्राविधिक धार | ८ | ० | ० | ८ | ० | ८ | ५० | ६:१ |
| जम्मा | १७२ | १०२ | ४० | २४ | ६ | १७२ | ३१८९ | १४:१ |

पालिकाको कुल दरबन्दीमा ५९.३० प्रतिशत दरबन्दी स्थायीबाट पदपूर्ति भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । पालिकाको कक्षा १ देखि १२ सम्मको विद्यार्थी र शिक्षकको पदपूर्तिको अवस्था हेर्दा विद्यार्थी शिक्षक अनुपात सबैभन्दा कम प्रा.वि. तहमा एक शिक्षकले १० जना र सबैभन्दा बढी उ.मा.वि. तहमा एक शिक्षकले ३९ जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ । समग्रमा पलिकामा एक शिक्षकले १४ जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ । शिक्षा नियमावलीमा पहाडी जिल्लामा १ शिक्षकले ४५ जना विद्यार्थी पढाउनु पर्ने व्यवस्थाबमोजिम तुलना गर्दा पालिकामा विद्यार्थी संख्याको तुलनामा शिक्षक संख्या बढी रहेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६०.५ **बाल विकास सहजकर्ता शिक्षक पारिश्रमिकः**साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्रका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर स्वीकृत दरबन्दी बाहिर पालिकाले ६ वटा विद्यालयहरुमा ६ जना बाल विकास सहजकर्ता शिक्षक नियुक्ती गरी रु.१३,८६,००० राजस्ब बाडँफाटँ स्रोतबाट बार्षिक तलब भत्ता खर्च लेखेको छ । दरबन्दी मिलान वेगर दीर्घकालीन दायित्व सिर्जना हुने गरी शिक्षक नियुक्ती गरी तलब भत्ता खर्च लेख्नु उचित देखिदैन। वास्तविक शिक्षकको आवश्यकता पहिचान गरी दरबन्दी मिलानका थप प्रक्रियातर्फ पालिकाले पहल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६०.६ **सेनिटरी प्याड खरिदः**सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ६३५ जना रहेका छन।कार्यविधि अनुसार प्रति छात्रा २ प्याकेट १० महिनाको लागि १२,७०० प्याकेट प्याड खरिद गर्नुपर्नेमा ९,२३७ प्याकेट प्याड खरिद गरेको छ । गो.भौ.नं.१९४।२०८२-०३-२० बाट अंकुर डाइग्नोष्टीक एण्ड सर्जीकल सेन्टर बाट ९,२३७ प्याकेट प्याड रु.७,३८,९९६ (मू.अ.कर सहित) मा खरिद गरी एकमुष्ठ रुपमा विद्यालयमा हस्तान्तरण गरको छ । वितरण गरेको सेनिटरी प्याडको

गुणस्तरमा कमी नआउँने गरी भण्डारण गर्नुपर्दछ । विद्यालयले वितरण गरेको प्रतिवेदन तयार गरी पालिकामा आंशिक रुपमा पठाएको पाइयो । विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरी वितरणको सुनिश्चितता हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६०.७ **शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार निकायले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको लागी गो.भौ.नं.१९२। २०८२-०३-२३ बाट विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत श्री मानेडाडा माध्यामिक विद्यालयलाई रु.२,००,००० र श्री सानोदुम्मा माध्यामिक विद्यालयलाई रु.३,००,००० भुक्तानी भएकोमा कार्यक्रम कार्यान्वयन कार्याविधीले तोकेको क्रियाकलापमा खर्च भएको बिल भरपाई पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

६१ **नयाँ लघु उद्यम सिर्जनाः**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका, २०७७ को दफा ६ मा नयाँ उद्यमी सिर्जनाका लागि गरिने विभिन्न कार्यहरुको व्यवस्था छ ।

| **भौ नं** | **कार्यक्रमको नाम** | **च्यापकटर** | **खरिद इकाइ दर रु.** | **खर्च** |
|---|---|---|---|---|
| १७३।२०८२।३।२० | नयाँ लघु उद्यम सिर्जना | २६ थान | ३१००० | ८०६००० |

- **लाभग्राही छनौटको आधारः** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका, २०७७ को दफा २१(२) मा सम्भाव्य उद्यमी पहिचान गर्दा कार्यक्रमको उदेश्य बमोजिम अति गरिब, पिछडिएका महिला, आदिवासी जनजाति, दलित, अपाङग, सीमान्तकृत तथा सुविधाविहिन समूहको अनुपातलाई ध्यान दिइ लघु उद्यमीको छनौट गर्ने कानुनी व्यवस्था छ । तर स्पष्ट मापदण्ड तथा कानुनी आधार विश्लेषण विना प्रदान गरिएको अनुदानबाट कार्यविधिले अपेक्षा गरेको नतिजा प्राप्त भए नभएको लेखाजोखा गरिनुपर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६२ **बाख्रा पकेट कार्यक्रमः**

६२.१ **बाख्रा तथा विउ बोकाको लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(छ) मा सार्वजनिक निकायले कुनै खरिद कारबाहिको तयारी गर्दा सोको आवश्यकताको पहिचान गरी लागत अनुमान तयार गर्ने कानुनी व्यवस्था छ ।पालिकाले बाख्रा तथा विउवोकाको लागि प्रति केजी रु. ६०० को दरले जम्मा २०३३ के.जी को लागि रु १२१९८०० को खर्च प्रस्ताव गरेको, उन्नत जातको विउ बोकाको लागि प्रति के.जी १३०० को दरले कुल रु.३२५०० तथा वोयर विउ वोकाको लागि प्रति के.जी २५०० को दरले जम्मा ४० केजी को कुल रु. १००००० को दरले लागत अनुमान तयार गरेको देखियो । पालिकाले संख्याको हिसाबले लागत अनुमान तयार गरेको देखिएन ।तसर्थ यसरी तयार गरिएको लागत अनुमानबाट कार्यक्रममा आवद्ध सबै लाभग्राही समानुपातिक हिसाबले लाभान्वित भए नभएको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन भएको देखिएन । तसर्थ यस सम्बन्धमा पालिकाले प्रभावकारी अनुगमन गर्नुपर्छ । साथै वितरणको नामावली वेभसाईटमा सार्वजनिकरण गर्नुपर्दछ ।

| फर्मको नाम | बाख्राको तौल | खरिद गरिएको दर | कुल भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| गिता कृषि पशुपंक्षी तथा बाख्रापालन फर्म | ९१३ के.जी ( ४३ गोटा) | ६०० | ५४७८०० | बाख्राको जात उल्लेख नभएको, छुट समेत नलिएको |
| सागर बाख्रा पालन फर्म | ११२० के.जी ( ५७ गोटा) | ६०० | ६७२००० | बाख्राको जात उल्लेख नभएको, छुट समेत नलिएको |
| वोयर बोका | १ गोटा | १००००० | १०००००० | बाख्राको जात उल्लेख नभएको, छुट समेत नलिएको, यसमा तौल उल्लेख नभएको |
| उन्नत जातको विउ बोका | १ गोटा | ३०००० | ३०००० | बाख्राको जात उल्लेख नभएको, छुट समेत नलिएको |

सैद्धान्तिक बेरुजु

६२.२ **बाख्रा पकेट कार्यक्रमः** पालिकाले भौ.नं २१३।२०८२।३।२५ बाट सम्झौता अनुसारको रु.१४९६२०० बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन समितिलाई भुक्तानी गरेको छ । यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

- **लाभग्राहीको छनौटः** पालिकाले कार्यक्रम गर्नको लागि मिति २०८१।४।२४ गते सुचना प्रकाशन गरेको देखियो ।प्रकाशित सुचनाको आधारमा विभिन्न ११ जना व्यक्तिगत फर्महरुले फरक फरक लागतमा कार्यक्रम गर्नको लागि निवेदन पेश गरेको देखिएतापनि निजहरुलाई निजको मागको आधारमा कार्यक्रम सम्झौता गरेको देखिएन । पालिकाको भनाई बमोजिम प्रस्तावित सुचनाको आधारमा निवेदन दर्ता गरेको निवेदकहरुलाई पुन एउटा समुहमा आवद्ध गरी निजहरुलाई निजको अनुदान योगदानको आधारमा कार्यक्रममा आवद्ध गरी बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन समिति गठन गरी कार्यक्रम सम्झौता गरेको देखियो । यसरी गठन भएको बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन समिति पालिका वाहेक अरु कुनै संस्थामा दर्ता नभएको जानकारी पालिकाले दिएको छ। यस प्रकार दर्ता विनाको समितिलाई छनौट गरि अनुदान दिई कार्यक्रम गरेको कार्य कानुनसम्मत देखिएन ।
- **पकेटको लागि न्यूनतम आधारः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ को दफा ४.१.४ मा बाख्रा पकेट सञ्चालनको लागि न्युनतम आधारको रुपमा पहाडमा १००० बाख्रा हुनुपर्ने प्रावधान छ । तर पालिकाले अनुदान सहितको कार्यक्रम गर्नको लागि छनौट गरेको लाभग्राही समितिले उपरोक्त अनुसारको मापदण्ड पुरा भए नभएको कागजात प्रमाण पेश गरेको देखिएन ।यसरी गरिएको कार्यक्रममा विश्वनियता स्थापित भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

६२.३ च्यापकटर तथा खोर निर्माणः प्रस्तावित कार्यक्रमको लागि खरिद गरिएको च्यापकटर तथा निर्माण गरिएको बाख्रा खोर निर्धारित लक्ष्य अनुरुप उपयोग भए नभएको तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ बमोजिमको कानुनी प्रावधान बमोजिम गुणस्तर कायम गरे नगरेको सम्बन्धमा सुनिश्चित हुने गरी पालिकाबाट प्रभावकारी अनुगमन भएको देखिएन । यस सम्बन्धमा पालिकाबाट लक्षित उदेश्य अनुरुप निर्धारित गरिएको मापदण्डको आधारमा प्रभावकारी अनुगमन गरिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

६२.४ **घाँसको विरुवा खरिदः** बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन समितिले पेश गरेको कार्यक्रम प्रस्ताव अनुसार कुल रु. २८७७०० को लागतमा घाँस खरिद गरि सम्बन्धित लाभग्राहीहरुलाई वितरण गर्ने सुनिश्चित गरेको देखियो । तर कस्तो किसिमको घाँस किन्ने तथा त्यसको उपयोगीता के हुने सम्बन्धमा केही विवरण उल्लेख भएको देखिएन । पालिकाले सार्वजनिक खरिद कानुन विपरीत विना प्रतिस्पर्धा

सिधै कन्चनजंघा कृषी पशुपालन फर्मबाट देहायअनुसारको घाँस खरिद गरेको देखियो । यसरी विना प्रतिस्पर्धा खरिद गरिएको घाँस प्राप्त गर्ने लाभग्राहीहरुले बाख्रा पकेट कार्यक्रमको दिगोपना सुनिश्चित हुने गरी उपयोग गरे नगरेको तथा त्यसबाट सम्बन्धित लाभग्राहीहरु लागतको तुलनामा लाभान्वित भए नभएको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन भएको देखिएन । यस सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन हुनुपर्छ ।

| **घाँसको किसिम** | **परिमाण** | **दर** | **कुल खर्च** |
|---|---|---|---|
| किम्बु घाँस | ७०५० के.जी | २० | १४१००० |
| रातो नेपियर | ७००० | ७ | ४९००० |
| स्मार्ट नेपियर | ७००० | ७ | ४९००० |
| सि.ओ ५ नेपियर | ७००० | ७ | ४९००० |
| जम्मा | | | २८८००० |

सैद्धान्तिक बेरुजु

६३ **सहकारी संस्थाको अनुगमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकामा ५ सहकारी संचालनमा रहेकोमा एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)बाट विवरण दाखिला गरि उक्त प्रणाली प्रयोग गरेको पाईएन । सहकारी संस्थाको नियमानकारी निकायको रुपमा रहेको पालिकाले आफ्नो क्षेत्र भित्र रहेको सहकारी संस्थाहरुको नियमित अनुगमन गरी त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरुको बचत रकम र संस्थाहरुको ऋण लगानीको सुरक्षाको सुनिश्चतता प्रत्याभुत गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४ **सामाजिक सुरक्षातर्फ**

६४.१ **लाभग्राही** - नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व.मा अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरु संख्याभन्दा यस आर्थिक वर्षको अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरु १३६ जनाले घटेको देखिन्छ।

| लक्षित समूह | **आ. व. २०७९ /८० को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या** | **आ. व. २०८०।८१ को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या** | **आ. व. २०८१।८२ को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या** | **मासिक भत्ता दर रु.** |
|---|---|---|---|---|
| ज्येष्ठ नागरिक | १५४४ | १५४५ | १४३२ | ४०००।- |
| अन्य ज्येष्ठ नागरिक (दलित) | ७३ | ७५ | ७७ | २६६०।- |
| ज्येष्ठ नागरिक (एकल महिला) | २०९ | १९१ | १६० | २६६०।- |
| विधवा | २३६ | २५५ | २६९ | २६६०।- |
| पूर्ण अपाङ्ग क वर्ग | २८ | २९ | २९ | ३९९०।- |
| आंशिक अपांग ख वर्ग | १४१ | १४६ | १३९ | २१२८।- |
| दलित बालबालिका | ८३ | ८५ | ८५ | ५३२।- |
| जम्मा | २३१४ | २३२७ | २१९१ | |

सैद्धान्तिक बेरुजु

६४.२ **निकासा फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा भत्ता वितरणको लागि यो बर्ष ६ वटा वडामा १ वटा बैंक मार्फत रु.६,६२,५४,५१४ खर्च लेखेकोमा फिर्ता गर्नुपर्ने रु.१,२२,४९२ पालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेको रकम संघीय सञ्चितकोष फिर्ता गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १,२२,४९२ |
|---|---|

६४.३ **लगत कट्टा**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १५ अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता भुक्तानी दिने व्यवस्था गरेको छ । पालिकाले पेश गरेको लगत कट्टाको विवरण अनुसार परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीहरुको लगत कट्टा पश्चात पनि रकम भुक्तानी भएको देखिएकोले भुक्तानी भएको रकम फिर्ता माग गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| परिचय नं. | नाम | लगत कट्टा लागु मिति | मासिक भत्ता दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| २००२०१०११५४०४ | लालु माया सार्की | २०८१-०४-२७ | ४,००० | ८,६२५ |
| २००१०१०१२५३०६ | किर्तिमान राई | २०८१-०६-१८ | ४,००० | १,६०० |
| २०१२११२०००२८९ | इन्द्र कुमारी कार्की | २०८१-१२-०५ | ४,००० | ३,३५५ |
| १९९७०१०११०३७३ | शार्कुमाया राई | २०८१-०४-२२ | ४,००० | ९,२५० |
| | | | जम्मा | २२,८३० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,८३० |

# अनुगमन लेखापरीक्षण

६५ बेरुजु तथा सम्परीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्योट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८२ सम्मको बाँकी फर्स्योट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस **पौवादुङ्मा गाउँपालिका, भोजपुर** को २०८२ सम्मको फर्स्योट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | २,७७,१४,२२० | ० | ६५,३७,५४७ | ० | ३,४२,५१,७६७ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : पौवादुङ्मा गाउँपालिका, भोजपुर , भोजपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Nabin Bhattarai | २०७८-१२-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३६,३३० | ३,६६५,७४८ | २,८३५,४६९ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ६,५३७,५४७ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ८८,६४९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३२४६४७९९.६७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२१२६१३३२.६६ | **चालु खर्च** | २५४६८४०६४.८५ |
| **प्रदेश सरकारबाट अनुदान** | २९७४०३०६.२५ | **पूँजीगत खर्च** | ७७५२८५१३.८ |
| **राजश्व बाँडफाँट** | २७१८३०६.२५ | **वित्तीय/अन्य व्यवस्था** | १३५०६७३५८.६९ |
| **आन्तरिक आय** | ७३६२५१०.७४ | | |
| **अन्य आय** | ११६७१०९७५.४३ | | |
| **कुल आय** | ४७७७९३४३१.३३ | **कुल खर्च** | ४६७२७९९३७.३४ |
| **बाँकी मौज्दात** | | ४२९७८२९३.६६ | |

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३



https://nams.oag.gov.np

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७,३२,८३,९१५.४३ | ० | ७,३२,८३,९१५.४३ | ६,६१,५३,३०५.६७ | ० | ६,६१,५३,३०५.६७ |
| १३००० | अनुदान | | २५,८४,३४,२२९.६४ | ० | २५,८४,३४,२२९.६४ | २६,५२,९७,९००.४० | ० | २६,५२,९७,९००.४० |
| १४००० | अन्य राजस्व | | ४६,३६,६४६.७२ | ० | ४६,३६,६४६.७२ | २८,१८,९१६.०३ | ० | २८,१८,९१६.०३ |
| १५००० | विविध प्राप्ति | | २२,९००.०० | ० | २२,९००.०० | ७७,४२५.०० | ० | ७७,४२५.०० |
| क | कुल जम्मा प्राप्ति | | ३३,६३,७७,६९१.७९ | | ३३,६३,७७,६९१.७९ | ३३,४३,४७,५४७.१० | | ३३,४३,४७,५४७.१० |
| ३ | चालु | | २५,४६,८४,०६४.८५ | ० | २५,४६,८४,०६४.८५ | २४,३४,७४,१९२.११ | ० | २४,३४,७४,१९२.११ |
| २१००० | पारिश्रमिक / सुविधा | | १५,७६,७९,६४६.०८ | ० | १५,७६,७९,६४६.०८ | १५,२१,८३,४६१.०२ | ० | १५,२१,८३,४६१.०२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८,५३,१०,८२९.७७ | ० | ८,५३,१०,८२९.७७ | ७,८३,६७,९०४.०९ | ० | ७,८३,६७,९०४.०९ |
| २५००० | सहायता (Subsidy) | | ७९,३०,०८५.०० | ० | ७९,३०,०८५.०० | ८८,२१,६०२.०० | ० | ८८,२१,६०२.०० |
| २७००० | सामाजिक सुरक्षा | | ३३,६३,६९४.०० | ० | ३३,६३,६९४.०० | २५,९०,१४५.०० | ० | २५,९०,१४५.०० |
| २८००० | अन्य खर्च | | ३,९९,८१०.०० | ० | ३,९९,८१०.०० | १५,११,०८०.०० | ० | १५,११,०८०.०० |
| ४ | पूंजीगत | | ७,७५,२८,५१३.८० | ० | ७,७५,२८,५१३.८० | १०,३६,९९,२६६.०० | ० | १०,३६,९९,२६६.०० |
| ३१११० | भवन तथा संरचना | | १२,२५,०००.०० | ० | १२,२५,०००.०० | १,७०,०६,५९५.०० | ० | १,७०,०६,५९५.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३३,२०,६४१.०० | ० | ३३,२०,६४१.०० | १६,१०,७२७.०० | ० | १६,१०,७२७.०० |
| ३११३० | अन्य पूँजीगत | | ० | ० | ० | १,०५,०००.०० | ० | १,०५,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | | |
| ३११५० | सार्वजनिक निर्माण | | ७,२९,८२,८७२.८० | ० | ७,२९,८२,८७२.८० | ६,५४,७०,३०७.०० | ० | ६,५४,७०,३०७.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ० | ० | ० | १,३१,१४,३१८.०० | ० | १,३१,१४,३१८.०० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | | ० | ० | ० | ६३,९२,३१९.०० | ० | ६३,९२,३१९.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ३३,२२,१२,५७८.६५ | | ३३,२२,१२,५७८.६५ | ३४,७१,७३,४५८.११ | | ३४,७१,७३,४५८.११ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ४१,६५,११३.१४ | | ४१,६५,११३.१४ | (१,२८,२५,९११.०१) | | (१,२८,२५,९११.०१) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | ६३,४८,३८०.८५ | | ६३,४८,३८०.८५ | २४,०६,१७८.१६ | | २४,०६,१७८.१६ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | २०,१७०.०० | | २०,१७०.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १,०५,१३,४९३.९९ | | १,०५,१३,४९३.९९ | (१,०४,१९,७३२.८५) | | (१,०४,१९,७३२.८५) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,२४,६४,७९९.६७ | | ३,२४,६४,७९९.६७ | ४,२९,०४,७०२.५२ | | ४,२९,०४,७०२.५२ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ४,२९,७८,२९३.६६ | | ४,२९,७८,२९३.६६ | ३,२४,८४,९६९.६७ | | ३,२४,८४,९६९.६७ |